का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २८८
❐ २६ मंसिर २०७८, आइतबार
❐ 12 December 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-


# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका
अनलाइन पढ्नका
लागि क्युआर कोड
स्क्यान गर्नुहोला।

# गुटको विनिर्माण







> सत्तारुढ दल नेपाली काँग्रेसको नयाँ नेतृत्वका लागि पहिलोपटक सबैभन्दा धेरै ६ जनाको उम्मेदवारी परेको छ । ६ सभापतिको उम्मेदवारी परिहँदा काँग्रेसभित्र गुट निर्माणमा भने फरक दृष्य देखिएको छ । सभापतिमा भने झण्डै ८० वर्ष पुग्न लागेका शेरबहादुर देउवा देखि ६३ सालको जनआन्दोनपछि नेतृत्वमा आएका कल्याण गुरुङको समेत उम्मेदवारी परेको छ ।



उम्मेदवारी दर्तापछि प्रकाशमान सिंहको समूह



उम्मेदवारी दर्तापछि विमलेन्द्र निधिको समूह

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २५ मंसिर ।

सत्तारुढ दल नेपाली काँग्रेसको नयाँ नेतृत्वका लागि शनिबार नेताहरुले उम्मेद्वारी दर्ता गराएका छन् । सभापति पदमा मात्रै ६ जनाको उम्मेद्वारी परेको छ । शेरबहादुर देउवा, डा.शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कल्याण गुरुङ र युवराज न्यौपानेले उम्मेद्वारी दर्ता गराएका छन् ।

देउवा, कोइराला, सिंह र निधिले भने प्यालन तयार पारेका छन् । देउवा र कोइरालाले १३ वटै पदाधिकारीमा प्यानल बनाएका छन् । तर सिंहको समूहबाट विश्वप्रकाश शर्मा महामन्त्री पदको उम्मेद्वार बनेका छन् । १३औं महाधिवेशनमा केन्द्रीय सदस्य बनेका शर्मा देउवा निकट हुन् । देउवाले शर्मालाई प्रवक्ताको जिम्मेवारी दिएका थिए । यसपटक उनले गुट फेर्दै सिंहसँग उभिए ।

देउवाको समूहबाट उपसभापतिमा विजय गच्छदार र पूर्णबहादुर खड्काले उम्मेद्वारी दिएका छन् । महामन्त्रीमा प्रकाशशरण महत र प्रदीप पौडेल उम्मेद्वार बनेका छन् । पौडेल पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला निकट हुन् ।

– बाँकी पृष्ठ २ मा

## 'ईलिगल'हरुलाई कतारले दिएको सुविधाको सदुपयोग गर्न जोड

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २५ मंसिर

कतारमा रहेका गैरकानूनी हैसियतका कामदारहरुलाई कतार सरकारले वैधानिक बन्न दिएको सुविधाको बढी भन्दा बढी सदुपयोग गर्नु पर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।

कतारस्थित नेपाली दूतावास तथा गैर आवासीय नेपाली संघ (एनआरएनए), राष्ट्रिय समन्वय परिषद् कतारको संयुक्त आयोजनामा आयोजित कार्यक्रममा उक्त जोड दिइएको हो । दूतावास र संघको संयुक्त आयोजनमा अवैधानिक आप्रवासीहरूलाई वैध हुनका लागि कतार सरकारले लागू गरेको नयाँ व्यवस्था सम्बन्धी सचेतनामूलक कार्यक्रम शुक्रबार भएको थियो ।

कतार सरकारले विभिन्न कारणले अवैध बनेका आप्रवासीको लागि वैध बनेर काम गर्न या आफ्नो देश फिर्ता हुनका लागि विभिन्न छुटसहितको सुविधा यही डिसेम्बर ३१ सम्मको लागि प्रदान गरेकोले नेपाली समुदायलाई उक्त जानकारी दिन सचेतना कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा बोल्दै कतारका लागि नेपाली कार्यवाहक राजदूत लक्ष्मण खनालले कतार सरकारले आप्रवासीको लागी प्रदान गरेको सुविधा प्रयोग गरी आफूलाई वैध बनाई यही काम गर्ने वा स्वदेश फिर्ता हुने अवसर रोज्न सम्पूर्ण नेपाली समुदायलाई अनुरोध गरेका थिए । पछिल्लो समयमा सामाजिक सञ्जालमा विभिन्न अफवाह आएको प्रति लक्षित गर्दै खनालले आधिकारिक कुराहरू दूतावासमार्फत प्रवाह हुने हुँदा भ्रममा नपर्न आग्रह समेत गरे । उनले कतारमा रहेका अधिकाश नेपाली सामाजिक सञ्जालको पहुँचमा पुगेको भन्दै दूतावासले सेवाग्राहीको सुविधाको लागि फेसबुक पेजमार्फत विभिन्न सूचना सम्प्रेषण गर्ने हुँदा त्यहाँ जोडिएर आधिकारिक जानकारी लिन आग्रह गरे ।

कार्यक्रममा नेपाली राजदूतावासका काउन्सिलर श्रम कृष्ण प्रसाद खनाल र गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले कतार सरकारले अवैध आप्रवासीलाई वैध हुन पाउने गरी लागू गरेको नयाँ व्यवस्था बारेमा जानकारी गराएका थिए ।

भौतिक तथा भर्चुअलरूपमा गरिएको कार्यक्रमको विभिन्न अनलाइनबाट प्रत्यक्ष प्रशारण गरिएको थियो । सो क्रममा प्राप्त प्रश्न तथा जिज्ञासाको काउन्सिलर श्रम खनाल, प्रथम सचिव अनु खनाल, द्वितीय सचिव भुवन भट्ट, एनआरएन कतारका अध्यक्ष मुसलमानले सहजीकरण गरेका थिए । एनआरएनए एनसीसी कतारका अध्यक्ष मुसलमानको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत द्वितीय उपाध्यक्ष प्रेम चलाउने र सञ्चालन महासचिव पदम गिरीले गरेका थिए ।

### वैदेशिक रोजगार विशेष

## दक्षिण कोरियाले ६६ हजार विदेशी कामदार लैजाने

काठमाडौं/मस- दक्षिण कोरियाले सन् २०२२ का लागि ६६ हजार विदेशी कामदार लैजाने भएको छ । ६६ हजार कोटामध्ये ४२ हजार ५ सय ३० जना नयाँ कामदार हुनेछन् । शुक्रबार बसेको विदेशी कामदार पोलिसी निर्धारण समितिको बैठकले कोटा तोकेको हो ।

प्रवासी मजदुर युनियनका अध्यक्ष उदय राईका अनुसार दक्षिण कोरियाले भाषा परीक्षा गरेका नयाँ र कोरियामा ४ वर्ष १० महिना काम गरी फर्केर स्पेशल भाषा परीक्षा (सिबिटी) परिक्षा उत्तीर्ण दुबै तर्फका भएको बताइएको छ ।

कोरियाले नेपाल पाकिस्तात, भियतनाम, श्रीलंका, बंगलादेश, फिलिपिन्स, कम्बोडियालगायत एशियाका विभिन्न १६ वटा देशहरुबाट विदेशी कामदार लैजाने गरेको छ । नेपाली कामदार मिहेनती र इमान्दार रहेकाले कोरियन रोजगारदाताको रोजाइमा पर्ने गरेका छन् । तर नेपाली कामदारको कोटा निर्धारण भइसकेको छैन ।

लगिने ६६ हजार – बाँकी पृष्ठ २ मा

## काँग्रेस पछ्याउँदै एमाले

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर ।

नेकपा एमाले जिल्ला र प्रदेश अधिवेशनको मिति तोकेको छ । शनिबार भक्तपुरको गठ्ठाघरमा बसेको केन्द्रीय कमिटी बैठकले पुस २३ गते जिल्ला अविधेशन र माघ ८ गते प्रदेश अधिवेशन गर्ने निर्णय गरेको छ ।

एमालेले एकैदिन ७७ वटै जिल्ला गर्दैछ । यसअघि एमालेको जिल्ला अधिवेशन आफ्नै तयारी र अवधिमा हुने गरेको थियो । माघ ८ मा पनि सातै प्रदेशको अधिवेशन हुने भएको छ । प्रदेश अधिवेशन भने एमालेले पहिलो पटक गर्न लागेको हो । यसअघि गएको ६ कात्तिकमा वडा र ९ कात्तिकमा पालिका अधिवेशन पनि देशभर एकसाथ गरेको थियो ।

> प्रमुख विपक्षी दल नेकपा एमालेले एकैपटक जिल्ला र प्रदेश अधिवेशन गर्ने निर्णय गरेको छ । यसअघि वडा र पालिका अधिवेशन पनि एकैदिन गरेको थियो ।

यसअघि काँग्रेसले यसरी अधिवेशन गर्ने गरेको थियो । एमालेको अधिवेशनको प्रणाली भने यस्तो होइन । तर एमालेले काँग्रेसकै बाटो अपनाएको छ । फागुन मसान्तभित्र सबै जनवर्गीय संगठनको महाधिवेशन गर्न निर्देशन दिएको उपमहासचिव प्रदीप ज्ञवालीले बताए ।

बैठकमा अध्यक्ष केपी शर्मा ओलीले दशौं राष्ट्रिय महाधिवेशनले पार्टीलाई ऊर्जा, नयाँ शक्ति र नयाँ उत्साह भरेको बताएका छन् । ओलीले मुलुकमा दुई वटा विचारको प्रतिस्पर्धा रहेको बताउँदै ओलीले भने, "एउटा धारले विस्तारै विस्तारै प्रतिगमनको आधार निर्माण गर्दै गरेको र अर्को पक्षले समाजवादको आधार निर्माण गर्दै गइरहेको छ । यी दुई पक्षबीच क्रमशः धुव्रीकरण हुँदै आएको छ ।"

सपथ ग्रहण छुटेका केन्द्रीय सदस्यलाई सपथ ग्रहण गराइएको छ । बैठकले पार्टीको केन्द्रीय सल्लाहकार परिषद्को अध्यक्षमा अमृतकुमार बोहरालाई चयन गरेको छ । बोहराले शनिबार नै सपथ लिएका छन् । महाधिवेशन भव्यताका साथ सम्पन्न भएको र यसले मुलुकलाई नयाँ दिशानिर्देश र पार्टीलाई सबल बनाएको बैठकले निष्कर्ष निकालेको उनले बताए ।

बैठकले केन्द्रीय कार्यालय ललितपुरस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा सार्ने निर्णय गरिएको छ । पाँच वर्षका लागि तुल्सीलाल स्मृति प्रतिष्ठानमा कार्यालय सार्ने र सो अवधिभित्र बल्खुस्थित पुरानो पार्टी कार्यालय रहेको जग्गामा नयाँ भवन बनाउने निर्णय गरेको ज्ञवालीले बताए ।

# दुई करोड मात्रा खोप लगाइयो



**काठमाडौं/मस**-नेपालमा कोरोना भाइरसविरुद्धको दुई लाख मात्रा खोप लगाइएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले कोरोना भाइरसविरुद्धको खोप दुई करोड मात्रा लगाइएको बताए। उनका अनुसार दुई करोड दुई लाख ३४ हजार ८२२ मात्रा खोप लगाइएको छ।

तीमध्ये एक करोड १० लाख ६६ हजार ४६४ जनाले एक मात्रा र ९१ लाख ६८ हजार ३५८ जनाले पूर्ण मात्रा खोप लगाएका छन्। सबभन्दा बढी शुक्रबार खोप लगाएका छन्। उनका अनुसार तीन लाख २९ हजार ३२१ जनाले खोप लगाएका छन्। सरकारले दैनिक दुई लाख जनालाई खोप उपलब्ध गराउने व्यवस्था गरेको छ।

सरकारले गत माघदेखि कोरोना भाइरसविरुद्धको खोप अभियान सञ्चालन गरेको हो। अहिले सबै नागरिकलाई सरकारले खरिद गरेर र कोभ्याक्समार्फत ल्याएका खोप लगाउँदैछ। यस्तै लक्षितमध्ये ५५.५ प्रतिशतले पहिलो मात्रा र ४६ प्रतिशतले पूर्ण मात्राको खोप लगाएका छन्। नेपालमा एक करोड ९९ लाख २२ हजार १६४ जनालाई खोप लगाउने सरकारको लक्ष्य छ। मन्त्रालयका सहप्रवक्ता डा.अधिकारीले दुई करोड ९४ लाख ५३ हजार ७३० मात्रा खोप आइपुगेको छ।

यसैबीच देशभर शनिबार नेपालमा थप २३६ मा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। यस अवधिमा नौ हजार १७८ को पिसीआर परीक्षण गरिएको थियो।

यससँगै नेपालमा पिसीआर परीक्षण गरिएका संक्रमितको संख्या आठ लाख २३ हजार ९०८ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा संक्रमितको संख्या ९५ हजार ७७० पुगेको छ। पछिल्लो समय थप ३०७ जना कोरोनाबाट निको भएका छन्। यससँगै निको हुनेको संख्या आठ लाख ६ हजार ५४४ पुगेको छ। निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। शनिबार कोरोना भाइरसको संक्रमणबाट एक जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५५३ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ। त्यसैगरी पछिल्लो समय दुई लाख ६६ हजार ९८८ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर सक्रिय संक्रमितको संख्या पाँच हजार ८८३ छ। हाल होम आइसोलेशनमा पाँच हजार ६०६, संस्थागत आइसोलेशनमा २७७, सघन उपचार कक्षमा ११२ र भेन्टिलेटरमा २७ जनाको उपचार हुँदैछ।

# नेपाल र भारतका उर्दू साहित्यकारद्वारा गजल वाचन

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २५ मंसिर



बाँकेको नेपालगन्जमा रहेका उर्दू साहित्यकारद्वारा मासिक गजल गोष्ठी सम्पन्न गरेको छ। गुल्जार-ए- अदब बाँकेको आयोजनामा नेपालगन्ज उपमहानगरपालिका ८ स्थित महेन्द्र पुस्तकालयको हलमा सम्पन्न मासिक गजल गोष्ठीमा नेपाल र भारत काउर्दू साहित्यकारले गजलवाचन गरेका थिए।

नेपालगन्ज काउर्दू साहित्यकार तथा इमाम अहमद बिन हम्बल विकास केन्द्रका मौलाना तथा इस्लामधर्म गुरु अन्सर नेपालीद्वारा सञ्चालित मासिक गजल गोष्ठीको अवधी साँस्कृतिक विकास परिष्दका अध्यक्ष सच्चिदानन्द चौवको अध्यक्षतामा सम्पन्न भएको थियो।

सो गजल गोष्ठीमा संविधान सभा सदस्य सर्वतआरा खानम, गुल्जारे अदब बाँकेका अध्यक्ष हाजी अब्दुललती फशौक, सचिव मोहम्मद मुस्तफा अहसन कुरैशी, अवधी साँस्कृतिक विकास परिष्दका अध्यक्ष सच्चिदानन्द चौवे, अन्सर नेपाली, मेराज अहमद (हिमाल), सभासद तथा उर्दू साहित्यकार अब्दुलहमीद सिद्दीकी (भोला), इल्लियास अन्सारी, सर्वर नेपाली, जमील अहमदहा शमी, भारतका अन्जु मनशहकारे उर्दू उत्तर प्रदेशका अध्यक्ष शरिक रब्बानी, नान पाराका निवासी रसीद ह्यात, मोहम्मदयूसुफ आरफी, युवा साहित्यकार समीर अली बेहना लगायतले 'आस्तीनों में भी साँपपाले गये'मिश्रामा आ-आफ्ना गजल वाचन गरेको अन्सर नेपालीले बताएका छन्।

नेपालगन्जका निवासी वरिष्ठ उर्दू शायर तथा संविधान सभा सदस्य सर्वतआरा खानमका पिता स्व.फारुक अहमद आरफीले नेपालगन्जका उर्दू साहित्यकारको जगबसालेका थिए। त्यसैले आजको दिनमा जगलाई बलियो गुल्जारे अदबले बनाई राखेको संविधान सभा सदस्य सर्वतआरा खानमले बताइन्।

# रौतहटमा प्रहरीको सक्रियतामा नगर सरसफाई

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ मंसिर



रौतहटमा प्रहरीको सक्रियतामा नगर सरसफाई गरिएको छ। रौतहटको सदरमुकाम गौर सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय रौतहटको नेतृत्वमा गौर नगरपालिकाको वडा न १ को मुल चोकदेखि हनुमान मंन्दिरसम्मको बाटो घाटोलाई शनिबार बिहान सरसफाई गरिएको हो।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत रहेका ५० जना प्रहरी कर्मचारीको सहभागितामा मूल सडकदेखि हनुमान मंन्दिरसम्मको बाटोमा सरसफाई गरिएको रौतहट प्रहरीले जनाएको छ। गौर नगरपालिकाको बिभिन्न ठाउँमा प्रहरीको अगुवाईमा सामूदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत निरन्तररुपमा सरसफाई कार्यक्रम हुँदै आइरहेको छ। आगामी दिनमा पनि जिल्ला प्रहरी कार्यालय रौतहटले फोहोर रहेको ठाउँमा पुगेर सरसफाई गर्ने प्रहरी उपरीक्षक विनोद घिमिरेले प्रतिबद्धता जनाए।

# निःशुल्क दन्त तथा मुख स्वच्छता सचेतना शिविर



**सुबास लामिछाने/मध्यान्ह**
चितवन, २५ मंसिर

चितवनको भरतपुरमा एकदिने निःशुल्क दन्त तथा मुख स्वच्छता सचेतना शिविर सम्पन्न भएको छ। सिर्जना ईङलिस स्कुल सरदपुर ९ भरतपुरमा शुक्रबार उक्त शिविर सम्पन्न भएको हो।

चितवन मेडिकल कलेज भरतपुरका डा. हरेन्द्र सिंहको नेतृत्वमा डा. सुस्मिता पौडेल, डा. कल्पना थापा, डा.प्रतिक्षा गिरी, डा.कृष्टि सापकोटा लगायतको टोलीबाट निःशुल्क दन्त तथा मुख स्वच्छता सचेतना शिविर सम्पन्न गरिएको शिक्षक भिष्मराज लामिछानेले मध्यान्हलाई जानकारी दिए।

विद्यालयका प्राचार्य मुना थापाले शिबिरबाट करिव तीन सय विद्यार्थी प्रत्यक्ष लाभान्वित भएको जानकारी दिइन्। प्राचार्य थापाले कार्यक्रम सञ्चालन गर्न सहयोग गरेकोमा आफ्ना सबै शिक्षक स्टाप कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गरिन्।

सो कार्यक्रमका संयोजक सुविन गौतम र अविनाश न्यौपानेले डा.सिंहको सम्पूर्ण टोलीलाई धन्यवाद ज्ञापन गरे। विद्यालयले शैक्षिक गतिविधि वाहेक अन्य गतिविधिसमेत सञ्चालन गर्दै आइरहेको छ।

# 'नेपालमा गाँजा' पुस्तक सार्वजनिक



**काठमाडौं/मस**-खाद्य तथा औषधिविज्ञ नारायण घिमिरेद्वारा लिखित नेपालमा गाँजा (वैज्ञानिक अवधारणा) नामक पुस्तक लोकार्पण गरिएको छ। नेपालमा गाँजामा आधारित कृषि र जडीबुटी उद्यमलाई गैरआपराधीकरण गर्न र त्यस्तो उद्यम गर्न चाहनेले व्यवसाय थाल्नुअघि त्यससम्बन्धी विश्व परिस्थिति र वैज्ञानिक यथार्थबारे पर्याप्त जानकारी हासिल गर्न सकुन् भन्ने उद्देश्यले प्रकाशन गरिएको सो पुस्तकलाई सरकारका पूर्वसचिव भीम उपाध्यायले लोकार्पण गरे।

विश्व हिन्दू युवासंघले यहाँ शनिबार आयोजना गरेको कार्यक्रममा सार्वजनिक गरिएको सो पुस्तकमा नेपाल र विश्वमा गाँजाको अवस्था, गाँजाको औषधीय उपयोग र गाँजासम्बन्धी ऐन/कानुन, नीति नियम, विधेयकका बारेमा चर्चा गरिएको छ। विश्व हिन्दू युवासंघका अध्यक्ष ऋषिकेशजंग शाहले गाँजा व्यवसायले नेपालमा रोजगारी सिर्जना गर्ने बताउँदै सरकारले गाँजा आयोग गठन गरेर गाँजाको उपयोगिताबारे देशभित्र बहस नै सञ्चालन गर्नुपर्ने माग गरे।

विगत १५ वर्षयता क्यानडामा खाद्य तथा औषधिविज्ञका रूपमा कार्यरत लेखक घिमिरे गाँजा, हर्बल र हिलिङ फुडको विकासका लागि नवप्रवर्तन विषयमा लेख्दै आएका छन्।

# हेलम्बूमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यशाला सम्पन्न



**सुशील सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २५ मंसिर

सीबीएम नेपालको साझेदारीमा सप्रोस नेपालले सञ्चालन गरेको समुन्नति परियोजना अन्तर्गत समावेशी विपद् व्यबस्थपन क्षमता विकास तथा योजना निर्माणसंवन्धि २ दिने कार्यशाला शनिबार हेलम्बुमा सम्पन्न भएको छ।

हेलम्बु गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत बिष्णुहरी तिमल्सिनाको प्रमुख आतिथ्यतामा कार्यशाला सम्पन्न भएको हो। कार्यशालाको सहजीकरण शुनिल सन शाक्यले गरेका थिए।

कार्यशालामा प्रकोप र विपदका बारेमा छलफल गर्दै हेलम्बु गाउँपालिकामा देखिएका १४ प्रकारका प्रकोपहरु बारे छलफल गरिएको थियो। यस्तै वडागत रुपमा प्रकोपहरुको जोखिम क्षेत्रहरु पहिचान गरी सूचना बनाई उक्त जोखिमको क्षेत्रलाई विपद व्यवस्थापन गर्ने योजनाहरु तयार गरी समावेशी योजना निर्माण गर्ने छलफलसमेत गरिएको छ।

यसका साथै पालिकासंग भएका ऐन, नियम तथा विपद् जोखिम न्यूनीकरणसंवन्धि नीति नियमको बारेमा छलफल गरी अब बनाउने नीति र नियममा समावेशिता राख्ने तयारीसमेत गरिएको छ। समावेशी विपद योजना एवं अपांगता समावेशी योजनामा समेट्न र अपांगता लगायत समावेशी वर्गहरुलाई पालिकाका हरेक नीति, नियम र विकासका प्रक्रियामा सामेल गराउने समेत कार्यशालामा राखिएको सप्रोस नेपालका बरिष्ठ सामाजिक परिचालक सुरज न्यौपानेले बताए।

कार्यशालामा ३० जनाको सहभागिता रहेको थियो। ८ जना सरकारी कर्मचारी, वडा अध्यक्ष र सदस्य गरि ८ जना, नेपाल प्रहरी बाट ३ जना, सप्रोस नेपालबाट ३ जना र सप्रोस नेपालको सहजिकरणामा गठन भएको अपाङ्गता समावेशी स्वाबलम्बन समुहबाट ५ जनाको सहभागीता रहेको थियो।

# गुहाटीका पत्रकार देवानलाई अन्तर्राष्ट्रिय पदक



**काठमाडौं/मस**-सामुदायिक विकास तथा विश्वशान्ति पत्रकारिता सातौं अन्तर्राष्ट्रिय सम्मान-२०२० बाट पत्रकार नन्दकुमार देवान सम्मानित भएका छन्।

अमेरिका-नेपाल र राष्ट्रिय प्रेस क्लबको आयोजनामा शनिबार उनलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले सम्मानपत्रसहित पदक प्रदान गरेका थिए।

कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले सो पुरस्कारले नेपालमा रहेर सो क्षेत्रमा काम गर्ने पत्रकारमा समेत जोस जाँगर भर्ने बताए। उनले अन्तर्राष्ट्रिय मानवअधिकार दिवस पारेर प्रदान गरेको सो पुरस्कारले पत्रकारिता क्षेत्रमा उर्जा प्राप्त भएको बताए। उनले भने, 'अमेरिका नेपाल प्रेस क्लब र राष्ट्रिय प्रेस क्लबले गरेको सो कार्य महत्वपूर्ण छ।' दुई संस्थाले विभिन्न मुलुकका पत्रकारको अवस्थाबारे अध्ययन गरेपछि देवानलाई पदक र सम्मानपत्र प्रदान गरिएको हो। यसअघि जापान, अमेरिका जर्मन, फ्रान्स, उत्तरकोरियाका विशिष्ट व्यक्तिले अन्तर्राष्ट्रिय सम्मान पाइसकेका छन्।

सो विधाको पुरस्कार पाउने देवान भारतको पूर्वी असममा जन्मिएका थिए। प्रारम्भिक पढाइ गाउँमै गरेका देवानले सिक्किम मणिपाल युनिभर्सिटीबाट आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर गरी सिक्किम राष्ट्रिय विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्ध विषयको मास्टर्स अघि बढाउन नपाएतापनि पत्रकारितामा कम्युनिष्ट डेभलपमेन्टका विषयमा समेत निरन्तर काम गर्दै आएका थिए।

देवान पत्रकार मात्रै नभएर एक कुशल विषय वक्ता समेत हुन्। विगतदेखि सामुदायिक विकास पत्रकारिता क्षेत्रमा देवानको योगदान अतिनै रहेको छ। सो पुरस्कारका लागि गुवाहाटीबाट प्रकाशित हुने नेपाली भाषाको मासिक पत्रिका 'सपरीवार' बाट उनी 'टप १० गोर्खा अफ असम' मा परेका थिए।

देवानलाई सन् २००९ मा आसामको राजधानी गौहाटी प्रेस क्लबको मानार्थ एसोसिएट सदस्यता दिइएको थियो। देवानलाई भारतको पश्चिम बंगालको कालिम्पोङमा 'राष्ट्रिय उमरते पत्रकार २००९' प्रदान गरिएको थियो। सन् २०१० मा 'गान्तोकमा सिक्किम प्रेस क्लब'द्वारा पनि सम्मान गरिएको थियो।

देवान नन्द किराती देवान जनसञ्चार तथा पत्रकारितामा १५ वर्ष लामो क्यारियरका अधिकारी पनि हुन्। देवानले पत्रकारिताको करियर 'युवि न्यूज एण्ड फोटोज गुवाहाटीको समाचार एजेन्सी २००६ मा फोटो पत्रकार सह सामग्री सम्पादकको रुपमा शुरु गरेका थिए।

हाल देवान आसाम टाइम्स अनलाइन सामुदायिक समाचार पोर्टलको सहयोगी सम्पादकको रुपमा कार्यरत छन्।

कार्यक्रममा दलित महिला तथा विकास केन्द्रका अध्यक्ष रुपलाल राम, हाप्कीडो खेलको क्षेत्रबाट मुलुकलाई विश्वभर परिचय दिँदै आएका भुवनबुढा मगर र सामाजिक क्षेत्रमा सक्रिय रहेर आर्थिक विकासमा योगदान पुऱ्याउने इन्द्रभुषण सिंहका नाममा उहाँका छोरा गौरबकुमार सिंहलाई भने कदरपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा बोल्दै अमेरिका-नेपाल प्रेस क्लब नेपालका संयोजक ईश्वरराज ढकालले सो सम्मानका साथै कदरपत्रले मुलुकका पत्रकारलाई समेत पत्रकारिता गर्न अझै जोस अनि जाँगर बढाउने भनाइ राखे। अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारीले मुलुक समृद्धिका लागि कलम चलाउने पत्रकारमा समाज दिशानिर्देश गर्ने भूमिका रहने औँल्याए।

नेपाल डाइबिटीक सोसाइटीका अध्यक्ष रोशनकृष्ण न्याछ्यौंले पत्रकारिता मार्फत विश्वशान्तिका लागि केही गर्छु भनेर लाग्ने व्यक्ति सम्मानित हुँदा आफूहरु समेतमा गौरवान्वीत महसुसको भान भइरहेको बताए।

कार्यक्रममा बोल्दै सम्मनीत व्यक्तित्व देवानले करिब दुई दशक अघिदेखि भारतको असम प्रान्तमा जन्मिएर कमल चलाउँदै आएका देवानले सामुदायिक विकास क्षेत्रमा समाचार लेख्न दक्षिण एशियामा भने भरखरै शुरुआत भएको जानकारी गराउँदै विश्वका अन्य मुलुकमा धेरै पहिला विकास भएको सुनाए।

सो कार्यक्रममा राष्ट्रिय प्रेस क्लबका अध्यक्ष रामकृष्ण कर्माचार्यले प्रेस क्लब गरेको कार्यक्तबारको बारेमा जानकारी गराएका थिए।

## गुटको....

देउवासँग सहकार्य गर्दा सिटौलाले आफ्नो भागमा परेको महामन्त्रीमा पौडेललाई अगाडि बढाएका हुन्।

देउवाको समूहबाट समहामन्त्रीमा उपाध्याय डिना, भीष्मराज आङ्देम्बे, मानबहादुर विश्वकर्मा, महेन्द्र यादव, किशोर सिंह राठौर, उमाकान्त चौधरी, फरमुल्लाह मन्सुर (बारा) र जीवनबहादुर शाही उम्मेद्वार बनेका छन्। उमाकान्त सिटौला निकट हुन्।

रामचन्द्र पौडेल र शशांक कोइरालाको समर्थनमा सभापतिको उम्मेद्वार बनेका शेखरको प्यालबाट उपसभापतिमा चन्द्र भण्डारी र धनराज गुरुङ, महामन्त्रीमा डा.मीनेन्द्र रिजाल र गगन थापाले उम्मेद्वारी दिएका छन्। सहमहामन्त्रीमा देवराज चालिसे, बद्री पाण्डे, जीवन परियार, कमला पन्त, विकास लामा, रामकृष्ण यादव, तेजुलाल चौधरी र शेख वकिल उम्मेद्वार बनेका छन्।

सिंहको प्यानलबाट सुजाता कोइराला उपसभापति र विश्वप्रकाश शर्मा महामन्त्रीका उम्मेद्वार छन्। निधिको प्यानलबाट दिव्यश्वरी शाह र महामन्त्रीमा राजाराम कार्कीले उम्मेद्वारी दिएका छन्। सुरेन्द्रप्रसाद चौधरी, रञ्जित कर्ण, गंगा सुनार र चेतराज बरालले स्वतन्त्र रुपमा सहमहामन्त्रीको उम्मेद्वारी दिएका छन्। उपसभापतिमा महेश आचार्यको स्वतन्त्र उम्मेद्वारी परेको छ।

निर्वाचन समितिका अनुसार, केन्द्रीय कार्य समितिको १२१ जनाका लागि मात्रै ५०९ जनाले उम्मेद्वारी दिएका छन्। सवैभन्दा बढी खुला केन्द्रीयमा प्रतिश्पर्धा हुने देखिएको छ। ३५ जनाका लागि १०९ जनाको उम्मेद्वारी परेको छ।

## दक्षिण....

विदेशी कामदारमध्ये कोरीयाले उत्पादनमूलक क्षेत्रमा ४३, कृषि तथा पशुपालन क्षेत्रमा ९ हजार ९ सय ३०, माछापालनमा ४ हजार ६ सय ४० र निर्माण क्षेत्रमा ३ हजार ९ सय ७० जना छुट्याइएको हो। नेपालबाट जाने कामदार उत्पादनमूलक र कृषिक्षेत्रमा दक्षिण कोरिया जाने गरेका छन्।

कोरोना महामरी शुरू हुनु अघि नेपालबाट ५ हजार बढी कामदार कोरिया जाने गरेका थिए। तर कोरोनाको संक्रमण बढेपछि नेपाली कामदार जाने क्रममा सुस्तता आएको हो।

विदेशी कामदारको अभाव झेलिरहेको कोरियाले जनवरी १ देखि अप्रिल १२ तारिखसम्म भिसा अवधि सकिन लागेका विदेशी कामदारहरुलाई थप १ वर्ष भिसा थप गर्ने निर्णय गरेको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/१२/०१ मा दर्ता भएको **प्रा.लि. नं. ११०५६३** को **जनापयोगी मल्टिपर्पोज इन्भेष्टमेन्ट प्रा.लि.** को मिति २०७८/०८/२३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१२/०५ मा दर्ता भएको **प्रा.लि. नं. २५९४६९** को **अर्थोपेडिक सुपरस्पेसियालिटी क्लिनिक प्रा.लि.** को मिति २०७८/०८/२३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

# कानून निर्माण प्रक्रियामा जनसहभागिता बढाउन आवश्यक



**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर

ऐन कानून निर्माण प्रक्रियामा पत्रकारमार्फत जनसहभागिता बढाउन आवश्यक रहेको सरोकारवालाहरुले जोड दिएका छन् । आइटलाइन मिडियाले यूएनडिपीसँगको साझेदारीमा काठमाडौं आयोजना गरेको 'संसद र संसदीय पत्रकारिता विषयक' अन्तर्क्रियामा सहभागीहरुले जनसहभागितामा बन्ने कानून दिगो हुनुकासाथै कार्यान्वयनमा पनि सहज हुने बताए ।

कार्यक्रममा संघीय संसद राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयालले संसद नबस्दा संसदीय समितिका गतिविधि केन्द्रित र बन्दै गरेको कानूनले सम्बन्धित वर्गलाई कस्तो असर पर्छ भनेर पत्रकारले खोतल्न सक्ने बताए । उनले भने, ' नागरिकता विधेयक ढिला हुँदा कसलाई कस्तो असर पर्यो ? यस्तो अरु पनि हुन सक्छ ।'

संघीय संसदका प्रवक्ता रोजनाथ पाण्डेले सूचना दिन संसदले कन्जुस्याइँ नगर्ने बताए । उनले सूचना दिन कन्जुस्याइँ गर्दा पत्रकार र नागरिकको पहुँच कानून निर्माणमा पुग्न नसक्ने भन्दै यसमा आफुहरु सचेत रहेको पनि बताए ।

वरिष्ठ पत्रकार राजेन्द्र दाहालले स्वार्थको द्वन्द्व पहिले पनि हुने गरेको बताए । विगतमा भन्दा कानून निर्माणमा खुलापन भएको उल्लेख गर्दै उनले खुलापनले कानून कस्तो बन्दै छ भन्ने नागरिकले थाहा पाउन थालेको बताए । उनले विधि र प्रक्रियामा प्रेस गम्भीर हुनुपर्ने भन्दै प्रेसले परिपूरणको भूमिका निर्वाह गर्नुपर्ने बताए ।

वरिष्ठ पत्रकार टंक पन्तले संसद जति जिम्मेवार भयो त्यति राज्यलाई जिम्मेवार बनाउन सकिने बताए । उनले अहिले पनि 'लबी' रिपोटिङ गर्न नसकिएको भन्दै पत्रकारहरु खोजी रिपोटिङमा सक्रिय हुनुपर्नेमा जोड दिए ।

संसदीय सहयोग परियोजना-युएनडिपीका टिम लिडर डिलादत्त पन्तले ज्ञान र अभ्यास निरन्तरताको विषय भएको भन्दै पत्रकारले कन्टेन्टमा सुधार गर्नुपर्ने बताए ।

संसदीय मामिला पत्रकार समाजका अध्यक्ष सन्जिब बगालेले ०७४ पछि संसद फितलो भएको बताए । बलियो सरकार हुँदा संसद छायामा पर्ने र यसले कानून निर्माण र यसमा जनसहभागिता कम भयो भन्नू स्वभाविक जस्तो देखिने उल्लेख गरे ।

आउटलाइन मिडियाका निर्देशक सरोज दाहालले आफुहरुले विगतदेखि नै संसद र संसदीय पत्रकारिता विषयमा कार्यक्रम सञ्चालन गर्दै आएको बताए ।

पत्रकार सुशील पन्तले कानून निर्माण प्रक्रियामा घनिभूत छलफल हुने संसदीय समितिमा शिर्ष नेताहरू सहभागी नहुने प्रवृत्ति रहेको बताए ।

पत्रकार नारायण काफ्लेले संसदीय पत्रकारिता र फेरिएको अभ्यासको बारेमा प्रस्तुतीकरण गर्दै संसद र पत्रकार एक अर्काका परिपूरक रहेको बताए । उनले कानून निर्माणको क्रममा संसदले संसदीय पत्रकारहरुसँग केहि सहकार्य गर्न आवश्यक रहेको बताए ।

पत्रकार रुकमणी पोखरेलले संसदीय रिपोटिङ गर्ने महिला पत्रकारका समस्या बढी हुने गरेको बताइन् । पत्रकार रन्जु काफ्लेले जनसहभागिता सिँधै कानून निर्माणमा नपुग्ने भएकाले त्यसको भूमिका पत्रकारले निर्वाह गर्दै आएको बताइन् ।

# कांग्रेस हाँक्ने दृढता देउवासँग छ : महासमिति सदस्य केसी

**अर्जुन बिष्ट/मध्यान्ह**
काठमाडौं, २५ मंसिर



नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा भाग लिन काठमाडौं आएका महाधिवेशन प्रतिनिधिहरुले पार्टी र संगठनलाई सुदृढ बनाउन सभापतिमा पुनः शेरबहादुर देउवालाई नै निर्वाचित गराउने बताएका छन् । पार्टीको १४ औं महाधिवेशनस्थलमा शनिवार भेटिएका रुकुम पश्चिम क्षेत्र नं १ का महाधिवेशन प्रतिनिधि यम बहादुर केसी पार्टीभित्र देउवाको नेतृत्वको अझै खाँचो रहेको बताउँछन् ।

'कांग्रेस भित्र देउवालाई समर्थन बढी छ । नडकमकाउने नेतृत्व र निडरता भएकै कारण हिमाल, पहाड र तराई जोड्ने नेतृत्व देउवासँग छ', केसीले भने, 'अरुको नेतृत्वमा काँग्रेस चल्दैन ।काँग्रेस हाक्ने दृढता देउवासँग छ । अरु प्यानलले जिते जनतामा सकारात्मक सन्देश जाँदैन । उहाँलाई जिताइयो भने कांग्रेसमा एउटा स्थायित्व हुन्छ । तसर्थ रुकुम पश्चिमबाट आएका सबै महाधिवेशन प्रतिनिधिले देउवालाई नै भोट दिन्छौं।'

मुलुकको राजनीति र सबैलाई मूलधारमा ल्याउन सक्ने क्षमता र आगामी चुनावमा कांग्रेसलाई जिताउने खुबी देउवासँग भएको उनको दावी छ । सर्वसम्मत रुपमा नेतृत्व चयन नहुँदा चुनावी प्रक्रियामै जा'दा अधिकांश युवाहरूको रोजाईमा देउवा नै भएको उनको भनाइ छ ।

मध्यान्हसँगको कुराकानीमा केसीले भने, 'मुलुकलाई देउवाको खाँचो छ । र, काँग्रेसलाई मात्रै नभई देशलाई नै देउवाको आवश्यक छ । पार्टीलाई जोगाउन सक्ने ब्यक्ति देउवा नै हो ।' आगामी दिनमा पनि देउवालाई सभापतिमा ल्याए पार्टी र यसका विभिन्न भातृ संगठनहरुसमेत बलियो हुने उनको तर्क छ । ११ औं महाधिवेशनदेखि निरन्तर महाधिवेशन प्रतिनिधि हुँदै आएका केसी भन्छन्, 'तत्काललाई काँग्रेसभित्र देउवाको बिकल्प छैन।'

केसीले भने, 'पार्टी निर्माण, संगठन बिस्तार र असल नेतृत्वका लागि गतिलो अडान चाहिन्छ । जुन अडान र साहसीपन देउवासँग छ । यसअघि दुई गुटमा बिभाजन भएको कांग्रेस रुकुम पश्चिमका जिल्ला सभापति प्रेमप्रकाश ओलीसहितको सिंगो नेतृत्व देउवा प्यानलमा आएको छ ।

एक सय ६० निर्वाचन क्षेत्रको अधिवेशन, ६१ जिल्ला अधिवेशन र ६ वटा प्रदेश अधिवेशनमा आफ्नो पक्षको बहुमत रहेको दाबी गर्दै आएका देउवा यसपटक पनि सभापतिका उम्मेदवार हुन् । देउवा पक्षले ३१ वटा जिल्ला सभापति जित हात पारेको छ। सो समूहले ६ मध्ये दुई प्रदेशमा सभापति जितेको छ ।

नेपाली कांग्रेसको नेतृत्व चयनका लागि मतदान मंसिर २७ गते बिहान ८ बजेदेखि शुरु हुने निर्वाचन समितिले समितिले जनाएको छ ।मतदान भने भृकुटीमण्डप र राष्ट्रियसभा गृहमा हुनेछ ।

# कालिकोटको आयुर्वेद स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे सेवा निःशुल्क




**खड्गानन्द अधिकारी/मध्यान्ह**
कालिकोट, २५ मंसिर

आयुर्वेद स्वास्थ्य केन्द्र कालिकोटमा एक महिना अघिबाट भिडियो एक्सरे सेवा निःशुल्क दिइएको छ। एकातिर विद्युतको अभावले कालिकोटमा रहेका अस्पताल, स्वास्थ्य सेवा केन्द्र, प्राइवेट मेडिकलतिर रहेका स्वास्थ्य सामग्रीहरुले काम गर्न नसक्दा सेवाग्राहीहरुले मर्का खेप्नु परेको छ भने एकातिर चक्रो शुल्क, भनेको समयमा सेवा लिन नपाउनुलगायतका स्वास्थ्य समस्याले यहाँका नागरिकहरुले पीडा भोग्नु परेको छ । कालिकोटमा रहेको आयुर्वेद स्वास्थ्य केन्द्रले नागरिकहरुका समस्यालाई मध्यनजर गदै भिडियो एक्सरे सेवालगायत आयुर्वेदबाट दिइने सेवाहरु निःशुल्क दिँदै आएको छ ।

सानादेखि ठुला सवै नागरिकहरुलाई स्थानीय जडिबुटीबाट उत्पादित औषधिको माध्यमबाट उपचार गरिरहेको केन्द्रले विभिन्न रोगको सफल उपचार गर्ने बताउदै कालिकोट जिल्लाका ९ वटै स्थानीय तहमा पाइने जडिबुटीबाट औषधि उत्पादन गरी निःशुल्क सेवा दिदै आएको केन्द्रका वरिष्ठ वैद्य लक्ष्मी प्रसाद पाण्डेले मध्यान्हलाई बताए ।

कालीकोट जिल्लाका नगरपालिका र गाउँपालिकामा पाइने अमला, बकाइनो, हर्रो, बर्रो, गुर्जो, जामुन, कुरिल्लोजस्ता विभिन्न जडिवुटीहरु संकलन गरि बिभिन्न रोगको उपचार गर्ने लक्ष राखिएको बैद्य पाण्डेले बताए ।

स्थानीयस्तपमा पाइने विभिन्न किसिमका जडिबुटीहरु संकलन गरि औषधि उत्पादन गर्नका लागि स्थानीय तहसंग सहकार्य गर्दै आयुर्वेदिक औषधिहरु उत्पादन गरी निःशुल्क सेवा गरिरहेको कार्यालय प्रमुख विरेन्द्र बहादुर केसीले बताए । उनले अहिले आयुर्वेद केन्द्रमा स्नेहन स्वयधन, आमा कार्यक्रम, जेष्ट नागरिक प्रर्वद्धन कार्यक्रम, औषधि निर्माण सेवा, विरामी भर्ना सेवा, विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम लगाएतका विभिन्न कार्यक्रमहरु निःशुल्क संचालन गरेको बताउदै नागरिकहरुलाई आयुर्वेद सेवा लिन समेत आग्रह गरे ।

खाँडाचक्र नगरपालिका ५ मा दाडिमबोर्ड आयुवेद्र औषधालय, रास्कोट नगरपालिकामा रास्कोट आयुर्वेद औषधालय संचालनमा रहेको कार्यालय प्रमुख केसीले जानकारी दिए ।गाउँ घरमा आर्थिक अभाव र चेतनाको कमीले धेरै नागरिकहरु औषधि उपचारवाट वन्चित रहेको बेला आयुर्वेद स्वास्थ्य केन्द्रले विभिन्न सेवा निःशुल्क गरेको प्रमुख केसीले बताए ।

जुनसुकै विरामीका लागि भिडियो एक्सरे सेवा, वाथ रोगिहरुको लागि जुनसुकै बेला स्टीम बाथ लगायत आयुर्वेद औषधिहरु कार्यालय समयमा भर्ना भए निःशुल्क रुपमा वितरण गरिने केन्द्रका डा. नवराज बोहराल् बताए । आयुवेद्र सेवा प्रभावकारी गराउनका लागि कालिकोटका नागरिकहरुलाई जुनसुकै बेला पनि सहज वातावरण गराउन कार्यालय कर्मचारीहरु अग्रसर रहेको डा. बोहराको भनाइ छ ।

आयुर्वेदऔषधालयमा विभिन्न किसिमका औषधि उपचार हुने भएपछि कालिकोटका नागरिकहरु हर्षित देखिएका छन् । आयुर्वेद औषधिको महत्व बझ्ेका नागरिकहरुले सेवा लिए पनि अन्य नागरिकहरु जसले आयुर्वेदको महत्व थाहा नपाएकै कारण सेवा लिनेको संख्यामा भने कमी देखिन्छ ।

नयाँ व्यवस्थापनका साथ आयुर्वेद औषधिहरु निःशुल्क पाइने भएपछि यहाँका स्थानीयहरुले जुम्ला, सुर्खेत, नेपालगंजजस्ता शहरमा गएर आयुर्वेद औषधि किनेर खानु पर्ने दिन गएको शुभकालिका गाउँपालिका वडा नं.३ का स्थानीय मुस्कान अधिकारीले बताए । मुस्कान मात्रै हैनन् खाँडाचक्र नगरपालिका वडा नं. ५ की फुलमाया चौलागाईंले ढाड दुख्ने, दमको समस्या, कपाल दुख्ने लगायतका रोगका कारण असहज भएकोमा अहिले आयुर्वेद स्वास्थ्य केन्द्रले औषधि दिन थालेपछि र दक्ष डाक्टरको साथ पाएपछि आफुलाई सहज भएको बताइन् । जुनसुकै विरामीका लागि कालिकोटमा रहेको आयुर्वेद स्वास्थ्य केन्द्रले नागरिकहरुलाई निःशुल्क सेवा दिने बताएको छ । केन्द्रले कालिकोटका स्थानीय तहसंग समन्वय गरी आयुर्वेद औषधिका लागि जडिवुटीहरु संकलन गर्ने कामसमेत गरिरहेको छ ।

# फोनिज सिन्धुपाल्चोकको अध्यक्षमा लालकाजी तामाङ




**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २५ मंसिर

नेपाल आदिवासी जनजाती पत्रकार महासंघ (फोनिज) जिल्ला शाखा सिन्धुपाल्चोकको अध्यक्षमा लालकाजी तामाङ चयन भएका छन् ।

शनिबार भएको तेस्रो जिल्ला अधिवेशनले तामाङलाई सर्वसम्मत रुपमा अध्यक्षमा चयन गरेको हो । यस्तै उपाध्यक्षमा कमला पाख्रीन, सचिवमा दिपेन्द्र घले, सहसचिब निर्मल माझी र कोषाध्यक्षमा राजेन्द्र थापामगर चयन भएका छन् ।

सदस्यहरुमा फुलमान तामाङ, रविन दनुवार, सरोज तामाङ, कल्पना श्रेष्ठ, सुप्रिन्स कसजु, सिद्धि श्रेष्ठ, आइते तामाङ रहेका छन् । यस्तै अधिवेशनले केन्द्रीय प्रतिनिधिमा सुरेश कसजु, जीवन श्रेष्ठ, डेम्लिङ लामा, केदार माझी र प्रदेश प्रतिनिधिमा हेमन प्रधान, सुमित्रा श्रेष्ठ र अशिम स्याङतानलाई चयन गरेको छ । जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै नवनिर्वाचित अध्यक्ष तामाङले जनजाति पत्रकारकाहरुका लागि क्षमता अभिवृद्धि तालिम गराउने र पत्रकारिताप्रति रुचि राख्नेलाई पत्रकारिता पेशामा संलग्न हुनका लागि कार्य समितिले काम गर्ने बताए ।

# 'महिला उद्यमशिलतासँग जोडिनुपर्छ'

**पोखरा/मस-** गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले महिलाहरु हक अधिकारको सुनिश्चिततासहित उत्पादनसँग जोडिनु पर्ने आवश्यकता औल्याउनु भएको छ । दिगो शान्ति महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा ३३ को प्रारम्भिक साधारण सभा तथा कार्यालयको उद्घाटन गर्दै उनले महिला आर्थिक रुपमा सक्षम नभएसम्म समृद्धि प्राप्त गर्न नसकिने बताइन् ।

महिलाहरु संगठित भएर बचत गर्दै आयआर्जनतर्फ लाग्नु पर्नेमा जोड दिँदै उनले सहकारीको माध्यमबाट महिला उद्यमशिलताको विकास हुने विश्वास व्यक्त गरिन् । कार्यक्रममा जेष्ठ शेयर सदस्य गौरिमाया त्रिपाठी, उत्कृष्ठ वचत कर्ता घनश्याम सुवेदी र असल कारोवारी देवी लामिछानेलाई सम्मानपत्रले सम्मान गरिएको थियो ।

# मोटरसाइकल दुर्घटनाः एकको मृत्यु

**भक्तपुर/मस**-मोटरसाइकल दुर्घटना भक्तपुरमा एक जनाको मृत्यु भएको छ भने एक गम्भीर घाइते भएका छन् ।

सूर्यविनायक नगरपालिका-७ गुण्डु रातोपाटी नजिक सूर्यविनायकबाट गुण्डुतर्फ जाँदै गरेको वाग्मती प्रदेश ०२-०३३ प ७१७३ नं को मोटरसाइकल शनिबार आफैँ अनियन्त्रित भई सडक छेउको बिजुलीको पोलमा ठोक्किँदा मोटरसाइकलमा सवार स्थानीयवासी ३२ वर्षीय रवीन्द्र थापाको उपचारका क्रममा मध्यपुर अस्पतालमा मृत्यु भएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए ।

उनका अनुसार शवपरीक्षणका लागि काठमाडौं मेडिकल कलेज दुवाकोटमा पठाइएको छ । दुर्घटनामा गम्भीर घाइते मोटरसाइकल चालक गुण्डुकै ३७ वर्षीय सुरेन्द्र बस्नेतको मध्यपुर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः १९८२।०५।१४
वाहुनीडाँडा-२ कटुवा, खोटाङ
हाल हलेसी तुवाचुङ न.पा.-१

समाधि २०७८।०७।०९
रंगेली न.पा.-१
विशालबजार, मोरङ

**स्व. अम्मर बहादुर कार्की**

अत्यन्त मिलनसार, मृदुभाषी, समाजप्रति जवाफदेही, धर्म प्रति निष्ठावान रही दोश्रो विश्वयुद्ध बर्माको लडाइमा संरिक रही ९७ वर्ष सम्म पनि परिवारका सबै सदस्य, समाज र राष्ट्रको भलाई सोच्ने निष्कलंक हाम्रा पिता/ससुरा/हजुरबुवा **अम्मर बहादुर कार्की** ब्रह्मलिन हुनु भएको **४८ औं दिनमा** श्रद्धा सुमन अर्पण गर्दछौं ।

**छोरा/बुहारी**
डोटराज कार्की/मोहन कुमारी कार्की
भिमअर्जुन कार्की/कमलादेवी कार्की
लोक बहादुर कार्की/चुडादेवी कार्की
अनन्त कार्की/अर्चना के.सी कार्की

**छोरी/ज्वाई**
विष्णुमाया बस्नेत/सोभित मान बस्नेत
मीन कुमारी राउत/जंग बहादुर राउत
दीपा बुढाथोकी/प्रेम बहादुर बुढाथोकी
मनकुमारी कटुवाल/स्व.प्रेम बहादुर कटुवाल
लिलामाया बस्नेत/रण बहादुर बस्नेत

**नाति/नातिनी-बुहारी**
यम कुमार कार्की/सुनिता कार्की
आशिष कार्की/संगिता गिरी कार्की
चक्र बहादुर कार्की, यमन कार्की
सरोज कार्की, मनोज कार्की
आदित्य कार्की

**पनाति**
सुयम कार्की



## साउदीमा रोजगारको अवसर | कम्पनी: GULF QUALITY CONTROL COMPANY LTD. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/२४ चलानी नं.: ६०१७०१५३ LT. No.: 253330

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labour | 6 | 0 | स. काममा दक्ष | 1400 | ४५,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ४ गते (19 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**STERLING OVERSEAS P. LTD.**
P.O.Box: 13557, Gangabu- 5, Samakhushi, Kathmandu, Nepal
Tel: 01-4385673, 4352723,Fax: 01-4385674, Mob: 9851230998
E-mail: info@sterling.com.np,Website: www.sterling.com.np
श्रम ईजाजत नं. ६८१/०६३/०६४



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/०८/२६**

**वि. जि. इन्टरटेनमेन्ट प्रा.लि. (प्रा.लि.नं.: ९२६०२)** को मिति २०७८/०८/१९ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सारेगम स्टुडियो प्रा.लि**. कायम गर्ने गरी मिति २०७२/०८/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोटः ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

### महाधिवेशनले देखाएको आशा

मुलुकको पुरानो दल नेपाली काँग्रेस नयाँ नेतृत्व चयन गर्ने प्रक्रियामा जुटेको छ । शुक्रबार राजधानी उपत्यकामा शुरू भएको १४औं महाधिवेशनको नेतृत्व चयन प्रक्रिया शनिबारबाट शुरू भएको छ । शुक्रबार नै मतदाता नामावली प्रकाशन भएको महाधिवेशनमा शनिबार उम्मेद्वारी दर्ता प्रक्रिया सकिएको छ । यसपटक सभापतिमा ६ जनाले उम्मेद्वारी दिएका छन् । काँग्रेसको पार्टी जीवनमा सभापति पदका लागि धेरै उम्मेद्वारी परेको यो पहिलो पटक हो । यसअघि तीन जना भन्दा बढी उम्मेद्वारी पर्ने गरेको थिएन । तर यसपटक सभापति पदका लागि बृद्ध उमेरका शेरबहादुर देउवा देखि युवा नेता कल्याण गुरूङसम्मले उम्मेद्वारी दिएका छन् । १३ सदस्यीय पदाधिकारीका निम्ति ३९ जनाबीच प्रतिश्पर्धा हुने भएको छ ।

यो महाधिवेशनको अर्को विशेषता भनेको पदाधिकारीमा युवा उम्मेद्वारी उल्लेख्य देखिएको छ । महामन्त्री पदमा लगभग युवा पंक्ति हाबी भएका छन् । २०६३ सालको जनआन्दोलन पछि पार्टी नेतृत्वमा आएका युवाहरू विश्वप्रकाश शर्मा, गगन थापा, प्रदीप पौडेल जस्ता नेताहरूको महामन्त्रीमा उम्मेद्वारीमा परेको छ । गगन संस्थापन इतर समूहबाट महामन्त्री बनेका छन् भने पौडेललाई देउवाले आफ्नो प्यानलमा राखेका छन् । शर्मा भने पूर्वमहामन्त्री प्रकाशमान सिंहको प्यानलबाट उम्मेद्वार बनेका छन् । उपसभापतिमा उम्मेद्वारी परेका मध्ये धनराज गुरूङ र चन्द्र भण्डारीलाई नयाँ पुस्ताका नेता मानिन्छ । यसले बृद्ध पार्टीमा युवा नेता हाबी हुने संभावनाका रूपमा हेरिएको छ । अझ ६३ सालको जनआन्दोलनबाट उदाएका नेताहरू पदाधिकारीमा पुग्नुले राष्ट्रिय राजनीतिमा संभावनाको ढोका खोल्ने देखिन्छ ।

सभापतिमा पनि दोस्रो पुस्ताका नेताहरू प्रकाशमान सिंह, विमलेन्द्र निधि देखि युवा नेता कल्याण गुरूङ र युवराज न्यौपानेको समेत उम्मेद्वारी परेको छ । सहमहामन्त्रीमा लगभग युवा पुस्ता हाबी भएका छन् । यसले काँग्रेसमा केही परिवर्तनको संकेत देखिएको छ । शेरबहादुर देउवा र शेखर कोइराला उमेर निकै पुराना भएपनि उनीहरूले तयार पारेको प्यानलले केही आशा देखाएको छ । बाँकी त प्रतिनिधिहरूकै निर्णय हो । महाधिवेशन प्रतिनिधिहरूमा सार्वभौम रहने भएकाले काँग्रेसको नेतृत्व चयनको अधिकार उनीहरूमै निहीत छ । अर्कातिर प्रतिनिधिहरूले उमेर समूहसँगै पार्टीको वैचारिकता र समावेशितालाई पनि ध्यानमा राख्नुपर्ने जरूरी छ ।

# विकृत राजनीति र विकल्प

यदि राजनीतिबाट भ्रष्टचारलाई पृथक वा बञ्चित बनाउने हो भने कति मान्छेहरु राजनीति गर्लान् ? भ्रष्टचारमुक्त कर्मचारीतन्त्रको परिकल्पना गर्ने हो भने कति मान्छेहरु कर्मचारी बन्न रुचाउलान् ?



● विष्णु पन्त



### व्यवसाय बन्दै गरेको राजनीति

राजनीति आज राजनीति जस्तो बनेको छैन । राजनीति आज नितान्त घाटा नहुने व्यापार जस्तो बनेको छ । राजनीति आफैंमा सेवा हुनु पर्नेमा त्यो कमाइ खाने भाँडोको रुपमा परिणत भएको छ । राजनीति सेवा हो कि व्यापार ? आजको राजनीतिक अभ्यासहरुले यसको के जवाफ दिन्छन् ? हामीलाई थाहा छ जुनसुकै सत्ताको केन्द्रमा दुईवटा शक्तिको हालीमुहाली चल्छन् ति हुन्- राजनीतिज्ञ र कर्मचारीतन्त्र । आजको अभ्यासमा कर्मचारीतन्त्रलाई स्थायी सरकार र मन्त्रिपरिषद्लाई अस्थायी सरकार भनिन्छ । कर्मचारीतन्त्र स्थायी रुपमा राजनीतिक पक्षधरताभन्दा माथि हुन्छ भन्ने व्याख्या गरिन्छ तर सारमा उ नै राजनीतिको केन्द्रमा हुन्छ । मेरो प्रश्न आजका राजनीतिज्ञहरुको दिमागमा केवल पैसा वा सम्पतिको प्यास छ ।

यदि राजनीतिबाट भ्रष्टचारलाई पृथक वा बञ्चित बनाउने हो भने कति मान्छेहरु राजनीति गर्लान् ? भ्रष्टचार मुक्त कर्मचारीतन्त्रको परीकल्पना गर्ने हो भने कति मान्छेहरु कर्मचारी बन्न रुचाउलान् ? आज हरेक क्षेत्रमा मुनाफा केन्द्रित प्रतिस्पर्धा देख्न सकिन्छ । आजको राष्ट्रिय ढुकुटी दलाल पुँजीपति वर्गको कब्जामा छ । दलाल संसदीय व्यवस्थाले विकास गर्ने एउटै चिज छ त्यो हो भ्रष्टाचार र दलालीकरण । आज मानवीय चेतनामा व्यापक भ्रष्टीकरण भएको छ । आजको समाजमा मूल्य मान्यता र आदर्शहीन पैसा वा सम्पतिको पूजा गरिन्छ । मानवीय सभ्यताको अन्त्य भएको छ ।

राजनीतिक व्यवस्थालाई सही वा गलत छुट्टाउने मुख्य आधार हो उसले विकास गरेको आर्थिक प्रणाली । आजको आर्थिक विकृति र अराजकतालाई सभ्य समाजले पचाउन सक्दैन । आज संसदीय नेतृत्व, दल र सरकारका तीनवटै अंगहरु विघटन र पतनको शिकार बनेका छन् । यो व्यवस्थाप्रति जनताको घृणा, तिरस्कार र प्रतिरोध छ । सबैलाई थाहा छ भ्रष्टचारले यो व्यवस्थालाई निल्दै छ तर, निस्किने साहस कसैको छैन । भ्रष्टाचारको निष्पक्ष छानबीन गर्ने र नियन्त्रण गर्ने सवालमा संसदीय दलहरु कोही पनि तयार छैनन् । छानबीन भएमा सबै जेल जानु पर्ने जस्तो डरलाग्दो चीत्र हाम्रा सामु उदांगो छ । हामीलाई थाहा छ, अहिलेको सत्तामा तीन खाले सरकार छन् ति हुन् संघ (केन्द्र), प्रदेश र स्थानीय । पछिल्लो महालेखा परीक्षणको रिपोर्टअनुसार पनि तीनवटै सरकारहरु बेजुरुको पहाडले थिचिएका छन् । यो बेजुरुको समाधान के हो भन्ने विषयमा राज्य मौन र उदासिन छ । भ्रष्टाचारको विषयमा राज्य मौन छ । त्यसकारण भ्रष्टाचारको यो अराजकतालाई छुट दिने राज्य प्रणालीले हामीलाई, देशलाई र भावी पुस्तालाई कहाँ पुऱ्याउला ?

कपिलवस्तु जिल्ला, कृष्णनगर निवासी श्याम कुमार मिश्रा भोजपुरी तथा नेपाली गीत, संगीतको क्षेत्र र नेपाली चलचित्र क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल व्यक्तित्व हुन् । नेपाल मुक्ति मञ्च कपिलवस्तुका जिल्ला अध्यक्षसमेत रहेका मिश्रा गत स्थानीय निर्वाचनमा कृष्णनगर नगरपालिकाको मेयरको उम्मेद्वार समेत बनेका थिए । कलाकारितासँगै सामाजिक, राजनीतिक र व्यवसायलाई समेत सँगसँगै लिएर अगाडि बढ्ने सोच बनाएका मिश्राले देउता, किंग, नालायक, ब्वाईफ्रेण्ड आदि नेपाली र केही भोजपुरी चलचित्रमा अभिनय गरेका छन् । उनका केही भोजपुरी गीत चर्चामा रहेका छन् भने आठ वटा नेपाली गीत तयारी अवस्थामा रहेपनि कोरोना लगायतका कारणले सार्वजनिक हुन भने सकिरहेको छैन । सातौं एलजी डिजिटल फिल्म अवार्ड २०७२, म्युजिक खबर म्युजिक अवार्ड २०१५, हिमालयन इन्टरनेशनल अवार्ड २०२१ लगायतका सम्मानबाट उनी सम्मानित भैसकेका छन् । कला, राजनीतिको सेरोफेरोमा रहेर नेता तथा अभिनेता **श्याम कुमार मिश्रा**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको वार्तालाप:

**के छ हालखबर ?**

एकदमै ठिक छ ।

**निकै समयपछि भेट भयो है, अचेल के गर्दै हुनुहुन्छ ?**

तत्कालै त केही छैन । अहिले आफ्नै व्यवसायमा व्यस्त रहेको छु । एउटा भोजपुरी फिल्ममा एग्रिमेन्ट गरेर बसेको छु । यसको छायांकन भएको छैन । सायद छिट्टै यसै फिल्ममा व्यस्त हुन्छु होला ।

**तपाई त भोजपुरी फिल्ममा लागेको निकै वर्ष भयो नि होइन ?**

हो नि । मैले भोजपुरी फिल्ममा काम गर्न थालेको लामै समय भयो । पहिला म स्टेज कार्यक्रमहरुमा नाच्थें । भोजपुरी गीतमा नाच्दा नाच्दै फिल्म खेल्ने अवसर आयो र फिल्म तिर लागेको हुँ । भोजपुरी फिल्ममा मेरो आफ्नै फ्यानहरु रहेका छन् ।

**नेपाली फिल्ममा पनि अभिनय गर्नुभएको छ नि होइन ?**

नेपाली फिल्ममा मैले आधा दर्जन जतिमा अभिनय गरेको छु । मैले अभिनय गरेको पछिल्लो फिल्म ‘ब्वाइफ्रेण्ड’ हो । यो फिल्म लकडाउन र कोरोनाको त्रासका कारण सोचे अनुसारको चल्न सकेन । यो भन्दा अघिका फिल्महरु राम्रै चले ।

**नेपाली अभिनेता अभिनेत्रीहरू नेपाली फिल्मबाट भोजपुरीमा गएका छन् । तपाईं चाहिँ नेपाली फिल्ममा आउनुभएको छ, कारण के होला ?**

मैले भोजपुरीमा अभिनय गरेता पनि नेपाली फिल्म मेरो आमा हो । मेरो देशको फिल्म हो । त्यसैले म नेपाली फिल्ममा आएको हुँ । आफ्नै देशको फिल्म खेल्न पाउनु मेरो लागि गौरवको विषय हो । अर्को कुरा मैले नेपाली फिल्म खेलेको पैसा लिएको छैन । किनभने नेपाल र नेपाली फिल्मप्रति मेरो प्रगाढ माया छ ।

**अहिलेसम्म तपाईं पारिश्रमिक बिना नै फिल्म खेलिरहनुभएको छ ?**

मैले फ्रिमा नै फिल्म खेलेको छैन । मैले पाउने पारिश्रमिक दुखी गरिवका लागि खर्च गरिदिनु भनेर फिल्मका प्रोड्युसर, निर्देशकलाई भनेको हुन्छु ।

**भनेपछि तपाईं समाज सेवामा पनि लाग्नुभएको छ ?**

हो, म समाजसेवामा पनि लागेको छु । तर, म समाज सेवामा लागेको छु भन्ने कुरा कसैलाई पनि भन्दिनँ । किनभने मेरो लागि फिल्मको कामबाट आएको पैसाले केही हुँदैन । मेरो व्यवसायबाट नै मलाई पर्याप्त खान लाउन र डुल्न पुगेकै छ । चलचित्रको पैसाले समाज सेवा तथा अन्य कामका लागि खर्च गरिरहेको हुन्छु ।

**तपाईंलाई अभिनेता तथा गायक पनि भन्दा रहेछन् । गीत पनि गाउनुभएको छ ?**

हेहेहे, मैले थुप्रै गीतहरु गाएको छु नि । मैले नेपाली फिल्म ‘ब्वाइफ्रेण्ड’को एउटा गीतमा स्वर भरेको छु । नेपाली भन्दा बढी मैले भोजपुरी गीत गाएको छु । यो मेरो पेशा भन्दा पनि रहर पनि हो । यही रहरले गर्दा अहिलेसम्म दर्जनौं गीतमा स्वर भरेको छु । पछिल्लो समय फेरि ५, ६ वटा गीत तयार पारेको छु । यही गीत रेकर्ड गर्नका लागि म केही दिनमा इन्डिया जाँदैछु ।

**अभिनेता, नायक भएपछि घरमा त समय दिन भ्याउनुहुन्न होला नि ?**

घरमा म त्यति बस्न पाउँदिनँ । कहिलेकाँही घरमा पुगेको हुन्छु । नत्र बाहिर बाहिर नै भइन्छ ।

**यही कुरामा मैले अर्को प्रश्न जोडी हालें, मैले सुने अनुसार तपाईं राजनीतिमा पनि सक्रिय हुनुहुन्छ रे खास कुरा के हो ?**

तपाईंले जे सुन्नुभयो, त्यो ठिक हो । म राजनीतिमा पनि सक्रिय नै छु । गत वर्षको स्थानीय चुनावमा मेयरमा उठेको थिएँ । तर, केही भोट कम आएका कारण मैले हारें । अर्को पटक पनि उठ्दैछु । सायद जित्छु होला ।

**कुन पार्टीमा आवद्ध हुनुहुन्छ, भन्न मिल्छ ?**


किन नमिल्नु । म राप्रपा नेपालसँग आवद्ध रहेको छु । म राप्रपाको भृकुटीमण्डपमा भएको महाधिवेसनमा भाग लिन काठमाडौं आएको हुँ ।

**कलाकारितामा लागेको मान्छे पार्टीमा चाहिँ किन नि ?**

समाज सेवा गर्नका लागि पार्टीमा आवद्ध भएको हो । पार्टीमा आवद्ध भएपछि आफ्नो गाउँठाउँलाई बनाउन सकिने रैछ । नत्र कठिन । मेरो अनुभवले यही भन्छ ।

**तपाईंले यदि चुनाव जित्नुभयो भने सबैभन्दा पहिला के गर्नुहुन्छ ?**

मेरो गाउँमा सबैभन्दा पहिला स्वास्थ्य, शिक्षा र स्कुलको व्यवस्था गर्छु । अहिले मेरो गाउँमा यसको कमजोरी छ । त्यसपछि मेरो क्षेत्रका गरिबका लागि केही राहतको व्यवस्था गर्छु । किनभने मलाई सम्पत्ती कमाउनु छैन । मलाई सरकारी एक पैसा पनि चाहिँदैन । घुसखोरी पूरा नियन्त्रण गर्छु भन्ने मेरो आत्मविश्वास छ ।



**अन्त्यमा तपाईंलाई मनमा लागेका केही भन्नु छ ?**

अहिलेसम्म मलाई जस जसले श्याम कुमार मिश्रा भनेर चिन्नुभएको छ । उहाँहरु सबैले मलाई माया गर्दिनुहोला । मेरो केही गीतहरु छिट्टै बजारमा आउँदैछ । हेरेर सुनेर सल्लाह सुझावको अपेक्षा गर्दछु धन्यवाद ।


## Invitation for Online Bids

Government of Nepal (GoN)

**State Assembly Secretariat**

Lumbini Province, Butwal

**Invitation for Online Bids for the Acoustic Treatment Work at Provincial Assembly Building, Deukhuri, Dang Contract Identification No: SOPA/NCB/WORK/01/078/079**

**Date of publication: 12-12-2021 10:00**

1. State Assembly Secretariat, Lumbini Province,Butwal invites electronic bids from Nepalese eligible bidders for the construction of Acoustic Treatment Work at Provincial Assembly Building, Deukhuri, Dang under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 6466250.00 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further in formation and inspect the bidding document at the office of State Assembly Secretariat, Lumbini Province , Butwal, Rupandehi, Nepal or may visit PPMO **website www.bolpatra.gov.np/egp.**
3. Eligible Bidders submit their bid electronically from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically,should deposit the cost upon payment of a non-refundablefee of NRs.3000.0 till during office hours as mentioned below in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format)of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Rastriya Banijya Bank Ltd.**
   **Name Office : State Assembly Secretariat, Lumbini province butwal**
   **Office Code no : 2020048015,**
   **Office Account no : 1000100200010000**
   **Rajaswa (revenue) Shirshak no.: 14229**
4. Electronic bids must be submitted to the office State Assembly Secretariat, Lumbini Province , Butwal Rupandehi, Nepal through PPMO website www.bolpatra.gov.np/egp on orbefore 11-01-2022 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11-01-2022 13:00 at the Office of State Assembly Secretariat, Lumbini Province, Butwal-Rupandehi, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security orscanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 225000.0, whichshall be valid for 30 days beyond the validity period of the bid.
6. **Additional requirements :**
   Experience on minimum 200 person auditorium hall acoustic treatment work.



**Gorkha Group of Company Ltd.**

New Baneshwor, Kathmandu, Nepal. **Phone:** 01-4785301, 4785302
**E-mail:** info.gorkhagb@gmail.com, **Website:** www.gorkhagrp.com

## वार्षिक साधारण सभा बस्ने सूचना

**शेयरधनी महानुभावहरू,**

यस गोर्खा ग्रुप अफ कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७८ साल मंसिर २३ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरू आफै वा कानुन बमोजिमका प्रोक्सी प्रतिनिधि मार्फत उपस्थितिको लागि अनुरोध छ ।

**साधारण सभा बस्नेः**

वार्षिक साधारण सभा हुने मिति : २०७८/०९/१९ गते
स्थान : का.जि.का.म.न.पा. वडा नं. १० बानेश्वर स्थित ओमकार बिल्डिङ्को छैठौं तल्लाको हल
समय : बिहानको १०:०० बजे ।

**छलफलका विषयहरू :**

**सामान्य प्रस्तावहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्ने प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. आ.व.०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितका आर्थिक विवरणहरू पारित गर्ने ।
३. कम्पनीको सञ्चालक समितिको सिफारिस बमोजिम आ.व. २०७८/०७९ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**विशेष प्रस्तावहरू :**

१. कम्पनीको अधिकृत पुँजी र जारी पुँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
२. विविध ।

**साधारण सभा सम्बन्धी सामान्य अन्य जानकारी**

१ सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भइ त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजीरी पुस्तिका बिहान ९.०० वजे देखि खुल्ला रहनेछ ।
२ सम्पूर्ण शेयरधनी महानुभावहरूलाई गोर्खा ग्रुप अफ कम्पनी लिमिटेडको संक्षिप्त वार्षिक आर्थिक विवरण ईमेल, यस कम्पनीको कार्यालयबाट र प्रदेश प्रतिनिधी मार्फत प्राप्त गर्न सकिने छ । साथै उपलब्ध फोन मार्फत पनि जानकारी गराईने छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले संलग्न प्रवेश पत्रको साथै शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाण पत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रूपमा साथमा लिइ आउन हुन अनुरोध छ ।
३ सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन वा info.gorkhagb@gmail.com ईमेल मार्फत सभा हुनु भन्दा दुई दिन अगाडि अर्थात मिति २०७८/०९/१७ गते बिहान ११.०० वजे भित्रै कम्पनीको प्रधान कार्यालय बानेश्वर काठमाडौंमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत गोर्खा ग्रुप अफ कम्पनी लिमिटेडको शेयरधनी हुनु आवश्यक छ । प्रोक्सी फारम संक्षिप्त आर्थिक विवरणसाथ संलग्न गरी पठाइनेछ ।
४ प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एक भन्दा बढी व्यक्तिलाई आधा आधा वा अरू कुनै किसिमबाट छुट्याएर दिएमा उक्त प्रोक्सी वदर गरिनेछ ।
५ शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रूपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
६ छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहनुभएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि कम्पनीको प्रधान कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रूपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारीत हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।
७ कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा गोर्खा ग्रुप अफ कम्पनी लिमिटेडको केन्द्रीय कार्यालयवाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ ।

सञ्चालक समितिको निर्णयानुसार
अध्यक्ष

**गोर्खा ग्रुप अफ कम्पनी लिमिटेड**
नयाँ बानेश्वर, काठमाडौ

# पुबुदु बने नेपाली क्रिकेट टिमको प्रशिक्षक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर

नेपाली राष्टिय क्रिकेट टिमको मुख्य प्रशिक्षकको रुपमा पुबुदु दसानायके नियुक्त भएका छन् । नेपाल क्रिकेट संघ क्यानको शनिबार बसेको बोर्डले दसानायकेलाई राष्ट्रिय टिमको प्रशिक्षकमा नियुक्त गरेको हो । दसानायकेले यसअघि पनि नेपाली क्रिकेट टिम सम्हालिसकेका छन् ।

२०११ को अक्टोबरमा पहिलो पटक नेपालको मुख्य प्रशिक्षक नियुक्त भएका दसानायकेकै प्रशिक्षणमा नेपालले सन् २०१४ मा बंगलादेशमा भएको ट्वान्टी-२० विश्वकप खेलेको थियो । जुन नेपाली क्रिकेटकै ठूलो उपलब्धि पनि हो । नेपालको प्रशिक्षकका रुपमा काठमाडौंमा भएको एसीसी ट्वान्टी-२० कप दसानायकेको पहिलो आधिकारिक प्रतियोगिता थियो ।

अस्ट्रेलियाका डेभ ह्वाटमोरले राजीनामा दिएपछि नेपाली राष्ट्रिय क्रिकेट टोलीमा नयाँ प्रशिक्षक खोजि गरिएको थियो । नेपाली टोलीको मुख्य प्रशिक्षक बन्न ६० जनाले आवेदन दिएकोमा



सर्टलिस्टमा १५ जनालाई छनोट गरी अन्तिम चरणमा ५ जनाको अन्तर्वार्ता लिइएको थियो । पुबुदुलाई क्यानले डिसेम्बर २० भित्र नेपाल पुग्न प्रस्ताव गरेको छ । नेपाली टिमलाई दोस्रो पटक सम्हाल्न आउने पुबुदुलेपनि फेरि आफ्नो दोस्रो घर आउन आतुर रहेको बताएका छन् । उनले क्यानले दोस्रो पटक आफुलाई मौका दिँदा निकै खुसी लागेको र अब नेपाली क्रिकेटलाई नयाँ उचाईमा पुऱ्याउने लक्ष्य रहेको बताए ।

उनले नेपाल फर्कनका लागि निकै आतुर उत्साहित भएको र दोस्रो कार्यकालका लागि आफूसँग केहि योजनाहरु रहेको र त्यसका लागि नेपाल आएर क्यानसँग छलफल गर्ने पनि बताए । क्यानले उनलाई सबै सेवासुविधा राखेर करिव १२ हजार अमेरिकी डलरमा अनुबन्ध गरेको हो ।

श्रीलंकाली मूलका क्यानडेली नागरिक पुवुदुले श्रीलंकाका लागि कम संख्यामा टेष्ट म्याच खेलेका छन् । एसोसियट टोलीमध्ये सबैभन्दा सफल प्रशिक्षकका रुपमा समेत हेर्न सकिने पुवुदुले पहिलोपल्ट नेपाल आउनअघि क्यानडालाई एकदिवशीय विश्वकपमा छनोट गराएका थिए । नेपालपछि उनले अमेरिकाको टोली संहालेर अमेरिकी क्रिकेटलाई माथि उकास्न सहयोग गरेका थिए ।

# मच्छिन्द्र शीर्ष स्थानमा

**काठमाडौं, मस–** सहिद स्मारक ए डिभिजन लिगमा साविक विजेता मच्छिन्द्र क्लवले आफ्नो अपराजित यात्रालाई कायम राखेको छ। लिगको चौथो खेलमा हिमालयन शेर्पालाई ३-० गोलले पराजित गर्दै शीर्ष स्थानमा उक्लिएको छ । शेर्पाको भने यो दोस्रो हार हो ।

दशरथ रंगशालामा भएको खेलको पहिलो हाफमा मच्छिन्द्रले आक्रामक खेल खेल्यो । खेलको १२ औं मिनेटमा विदेशी खेलाडी नुर्लानले डिबक्स भित्रबाट गरेको प्रहार क्रसबारमा लागेर बाहिरीयो । जसका कारण मच्छिन्द्रले खेलमा अग्रता बनाउने मौका गुमायो ।

२२ औं मिनेटमा सुनील बलको फ्रिकिकलाई शेर्पाका गोलकिपर दिप कार्कीले उत्कृष्ट बचाउ गरे । करिव ४० यार्डबाट गरेको प्रहारलाई गोलकिपर कार्कीले बचाए ।

खेलको २९ औं मिनेटमा मच्छिन्द्रले खेलमा अग्रता बनाउन सफल भयो । उसका लागि सुनील बलले गोल गरे । शेर्पाका गोलकिपर र डिफेन्डरको गल्तिका कारण मच्छिन्द्रले खेलमा अग्रता बनाउन सफल भयो । ३३ औं मिनेटमा मनिश डाँगीको क्रसमा सुनील बलले मौका पाए पनि सदुपयोग गर्न सकेनन् । त्यसपछि दुबै टिमबाट खेल हुन सकेन र मच्छिन्द्रले एक शुन्यको अग्रता बनायो ।

दोस्रो हाफको सुरुवातमा नै शेर्पाका सुरेस कुमालको प्रहारलाई मच्छिन्द्रका गोलकिपर बिशाल श्रेष्ठले बचाए ।

६८ औं मिनेटमा मच्छिन्द्रले अन्तर २-० मा पुऱ्यायो । उसका लागि नुर्लान नोभोजोभले गोल गरे । विशाल राईको कर्नर बललाई उनले उत्कृष्ट फिनिसिङ गरे । सो बललाई हिमालयन शेर्पाका डिफेन्डरले



क्लियर गर्ने अवसर पाए पनि सफल भएनन् ।

खेलको इन्जुरी समयमा सब्सिच्युट खेलाडीका रुपमा मैदान प्रवेश गरेका विमल घर्तिमगरले गोल गरे । उनले डिबक्समा पाएको बललाई सहज रुपमा गोल गरे । उनले आन्द्रेज नियाको पासको सदुपयोग गरेका थिए ।

यो जितसँगै मच्छिन्द्रले चार खेलमा १० अंकका साथ लिगको शीर्ष स्थानमा उक्लिएको छ। उनले मनाङलाई गोल अन्तरका आधारमा पछि पार्दै शीर्ष स्थानमा उक्लिएको हो ।

शेर्पा भने अझै जितविहिन छ। उसले चार खेलमा दुई बराबरी र दुई हार ब्यहोरेको छ। मच्छिन्द्रको जितले अंक तालिकामा पनि हेरफेर भएको छ । आर्मी तेस्रो स्थानमा झरेको छ भने सात अंक रहेको सातदोबाटो चौथो स्थानमा पुगेको छ । शनिबार नै भएको पहिलो खेलमा सातदोवाटो एनआरटीसँग १-० गोल अन्तरले पराजित भएको थियो ।

# म्यानचेस्टर सिटीको जीत



**काठमाडौं, एजेन्सी–** इंग्लिस प्रिमियर लिग फुटबलमा शीर्ष स्थानमा रहेको म्यानचेस्टर सिटी विजयी भएको छ । शनिबार भएको खेलमा सिटीले वुल्भसलाई १-० गोल अन्तरले पराजित गर्दै स्पष्ट ३ अंक जोड्न सफल भयो ।

जीतसँगै शीर्ष स्थानमा रहेको सिटीले दोस्रो स्थानमा रहेको लिभरपुललाई ४ अंकले पछि पारेको छ । १६ खेलबाट सिटीले ३८ अंक जोड्दा १५ खेलबाट लिभरपुलले ३४ अंक बनाएको छ । पहिलो हाफ गोलरहित बराबरी खेलेको सिटीले जित निकाल्न दोस्रो हाफमा पेनाल्टीको सहारा लिनु परेको थियो ।

६६ औं मिनेटमा पेनाल्टीमार्फत रहिम स्र्टलिङले गोल गरे पछि सिटीले अग्रता लिएको थियो । सोही अग्रता सिटीले अन्तिमसम्म जोगाउन सफल भएको थियो । पहिलो हाफको अन्त्यरित वुल्भस १० खेलाडीमा झरेको थियो । उसका राहुल गिमिनेज दोहोरो पहेँलो कार्ड पाउँदै मैदान बाहिर भए पछि बाँकी समय वुल्भस १० खेलाडीले खेलेको थियो ।


## कतारमा रोजगारको अवसर | कम्पनी: BURUQ LIMOUSINE
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/२४ चलानी नं.: ६०१७०१३३ L.T. No.:253586

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ४ गते (19 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**JALAJALA RECRUITMENT PVT. LTD.**
Gov. Lic No. 1224/074/075
Samakhushi-29, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecruitment@gmail.com, Web.:www.jalajalarecruitment.com



## Invitation For Sealed Quotations
**Herbs Production And Processing Co.Ltd**
Koteshwor, Kathmandu , Nepal

**Invitation For Quotations For The Three Phase Wiring Electrical Works And Its Accessories**

**Contract Identification No: Hppcl/sq/no:01/2078/79**
**Date of publication: 2078 /08/26**

1. The Herbs Production And Processing Co. Ltd Invites Sealed Quotations for the Construction Of **Three Phase Wiring Electrical Works And Its Accessories.** The estimated amount for the works is Rs, 15,97,401.00 ( Inclusive Vat).
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Herbs Production And Processing Co. Ltd, Jadibuti, Kathmandu, 01-4992152 Email:hppcl.jadibuti@gmail.com.**
3. A complete set of Bidding documents may be purchased from the office **Herbs Production And Processing Co. Ltd** and the office by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a Non-refundable fee of **Rs. 1000 Till 2078/09/11 During Office Hours.**
4. Sealed bids must be submitted to the office Herbs Production And Processing Co.Ltd, Jadibuti, Kathmandu by hand on or before 12:00 Hours on 2078/09/12. bids received after this deadline will be rejected.
5. The Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2078/09/12, 14:00 Hours** at the Office. Bids must be valid for a period of 45 Days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **Rs. 39,935.00** which shall be valid for 30 days beyond the validity period of the opening date.
6. If the last date of purchasing and/or submission falls on a government Holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the orginal last date of bid submission.



## साउदीमा रोजगार | १. कम्पनी: ASEEL ALSHARQ FOR FURNISHED APARTMENTS
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२४ चलानी नं.: ६०१७०११० L.T. No.: 253035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and More | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,५५६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ४ गते (19 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**GRAND SUITE JOB PVT. LTD.**
श्रम इजाजत नं.: ८८०/०६७/०६८
Koteshwor-32, Kathmandu, Tel : 5100475, Fax : 5100475
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np



## चिचिला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)
चिचिला, संखुवासभा
१ नं. प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा**

**प्रथम पटक प्रकाशित मितिः– २०७८/०८/२६**

उपरोक्त सम्बन्धमा यस चिचिला गाउँपालिकाको कार्यालयबाट मिति २०७८/०३/१५ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना **"Construction of Hirak Park Chichila Rural Municipality ward noM04,Sankhuwasabha, Nepal"** ठेक्का संकेत नं. **CRM/W/NCB/P/1/077–078** आह्वान गरे अनुसार तोकिएको समयसिमा भित्र E–BID माध्यम मार्फत दर्ता हुन आएका बोलपत्रहरू मध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कन निम्न अनुसारका बोलपत्रदाता प्राविधिक शर्तहरू पुरा गर्न सफल भएको हुँदा, सफल बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७८/०९/०५ गते दिनको २:०० बजे यस चिचिला गाउँपालिकाको कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) उपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः–**

| सि.नं | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम | कैफियत |
|---|---|---|
| १. | JV Name :- lead :- Tulsi Construction, Sub:- Joshi Nirman Sewa Pvt ltd, Sub:- Slate consruction & Suppliers pvt.ltd. | |

(शुक्रादेवी राई)
प्रमुख प्रशासकीय अधिकृत



## SAUDI मा रोजगार | १. कम्पनी: DAKNA FOR SERVING DRINKS EST.
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२४ चलानी नं.: ६०१७००८१ L.T. No.: 253032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and More | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: ATLAL AL JAZEERAH CO. FOR TRADING & CONSTRUCTIONS & OPERATING & MAINTENANCE शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०८/२४ चलानी नं.: ६०१७०१४८ L.T. No.: 253066

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ४ र ५ गते (19 & 20 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फेमस ह्युमन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत नं. ५४५/०६१/०६२
कोटेश्वर-३२, तिनकुने, काठमाडौं, नेपाल, फोनः ५१९९५००, ५१९९७००
Email: info@famoushr.com, famoushr545@gmail.com



## गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानिमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७८/०८/२६**

प्रस्तुत विषयमा यस कार्यालय बाट मिति २०७८/०७/२८ मा प्रकाशित दरभाउपत्र आहाव्नको सूचना बमोजिम मिति २०७८/०८/१३ गते E-BIDDING मार्फत दर्ता हुन आएका दरभाउपत्र हरुको नियमानुसार मुल्याङकन हुँदा तपसिलमा उल्लेखित दरभाउपत्र दाताको दरभाउ पत्र न्युनतम मुल्याङकित सारभुत रुपमा प्रभाव ग्राही देखिएकोले यस कार्यालयको दरभाउपत्र स्वीकृत गर्ने आशय रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० (५) र सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (११) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स | ठेक्का न. | आयोजनाको नाम | दरभाउपत्रदाता को नाम र ठेगाना | कबोल अंक रु (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | SQ/GRM/02/2078/079 | Procurement of Sanitary Pad | Sarobar Trade Concern Birendranagar-03,Surkhet. | 732371.08 | |

प्रमुख प्रशासकीय अधिकृत

गो.हु.का.द.नं. ३३/०६९/०७०



# 'संस्थानको ध्यान अभिकर्ता वृद्धि गर्ने र बिजनेस बढाउनेमा छ'



**कवीप्रसाद पाठक**, प्रशासक, राष्ट्रिय बीमा संस्थान

> अहिले हामीले वार्षिक तालिका बनाएर हरेक शाखाहरु मार्फत बीमा अभिकर्ताको संख्या वृद्धि गर्ने कार्यलाई अगाडि बढाएका छौं । शाखाहरुलाई बिजनेस, तालिम तथा अभिकर्ताको वृद्धिलाई टार्गेटसमेत तोकेका छौं । बीमा क्षेत्र यसरी हेर्दा विगतको तुलनामा संस्थानको बिजनेस र नाफा दुवै बढ्दै गइरहेको अवस्था छ ।

पछिल्लो समय बीमा क्षेत्रले आर्थिक क्रियाकलापको ठूलो क्षेत्र ओगट्दै आएको छ । राज्यको कुल ग्राहस्थ उत्पादनमा पनि बीमा क्षेत्रले क्रमिक रुपमा आफ्नो आकारलाई वृद्धि गर्दै लगेको देखिन्छ । हरेक क्षेत्रमा बीमा अनिवार्य आवश्यकताको भाग बन्दै गएको छ । जसले गर्दा नेपालको बीमा बजारमा बीमाको कारोबार गर्ने कम्पनीहरुको संख्या पनि झण्डै २ दर्जन पुगिसकेका छन् । जसले गर्दा आफ्नो बजार विस्तार गर्ने कुरामा बीमा कम्पनीहरु बीचमा निकै प्रतिस्पर्धा अगाडि बढेको देखिन्छ । प्रस्तुत छ, यसै सन्दर्भमा नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको नेपालको सबैभन्दा पुरानो बीमा गर्ने निकाय राष्ट्रिय बीमा संस्थानका प्रशासक **कवीप्रसाद पाठक**सँग **मध्यान्ह राष्ट्रिय दैनिक**का संवाददाता **नारायण अर्याल**ले संस्थानको समसामयिक सन्दर्भमा गरेको कुराकानीको सम्पादित अंश :

**संस्थानमा लामो समयदेखि अल्झिरहेको लेखा परीक्षणको अवस्था अहिले के रहेको छ ?**

मैले संस्थानमा जिम्मेवारी लिँदाको अवस्थामा धेरै वर्षदेखिको लेखापरिक्षण विभिन्न कारणले रोकिएको अवस्था थियो । अहिले आ.व. ०७५/०७६ को लेखापरिक्षण चलिरहेको छ । ०७१/७२ सम्मको लेखापरिक्षण प्रतिवेदन स्विकृतिका लागि बीमा समितिमा पठाएका छौं । हामीले विगतदेखि थाँती रहेका लेखापरिक्षणको कामलाई घटाउँदै लगेका छौं ।

**पछिल्लो समयमा संस्थानको आर्थिक अवस्थालाई कसरी बुझ्न सकिन्छ ?**

जीवन बीमामा मुख्य आधार भनेको बीमा अभिकर्ता नै हो । त्यसैले अहिले हामीले वार्षिक तालिका बनाएर हरेक शाखाहरुमार्फत बीमा अभिकर्ताको संख्या वृद्धि गर्ने कार्यलाई अगाडि बढाएका छौं । शाखाहरुलाई बिजनेस, तालिम तथा अभिकर्ताको वृद्धिलाई टार्गेटसमेत तोकेका छौं । बीमा क्षेत्र यसरी हेर्दा विगतको तुलनामा संस्थानको विजनेस र नाफा दुबै बढ्दै गइरहेको अवस्था छ ।

**बीमा संस्थान बीमा समितिभन्दा पनि अगाडि देखिको अस्तित्वमा आएको हो । तर संस्थानले बजारमा आफुलाई उल्लेख्य हिसाबले उपस्थित गराउन सकेन ? तपाईं नेतृत्वमा आइसकेपछि यो विषयमा समिक्षा र सुधार गर्ने प्रयत्न गर्नुभयो त ?**

उपलब्धि भएन भन्दा पनि अहिले संस्थान जीवन बीमाको सन्दर्भमा तेस्रो/चौथो पोजिसनमा रहेको अवस्था छ । पहिला संस्थान विविध कारणले तुलनात्मक रुपमा पछि परेकै हो । म नेतृत्वमा आइसकेपछिको कुरा गर्ने हो भने, संस्थाको संरचनात्मक आकारको विस्तार, डिजिटलाइजेसन, अभिकर्ता वृद्धि, कमिसन तथा इन्टेन्सिभमा सुधार, आदि धेरै काम भएको छ । अब हामीले संस्थानलाई पनि आधुनिक र व्यवसायीक बलियो संस्थाको रुपमा उभ्याएका छौं ।



**संस्थानले आफैलाई घाटा हुने प्रकारको २ वटा पोलीसी जारी गर्दै आएको थियो । ति पोलीसीले संस्थानलाई झण्डै १ अर्ब बराबरको क्षती पुऱ्याउन सक्ने अनुमान गरिएको छ ? अहिले संस्थानले ति पोलीसीलाई कसरी अगाडि बढाएको छ ?**

बीमा समितिले हामीलाई २०१० देखि जारी हुँदै आएका सावधिक र अग्रिम भुक्तानीको पोलीसीलाई पुनः मुल्यांकन गरेर पठाउन निर्देशन गरेको थियो । हामीले पुनः मुल्यांकन गरी ती पोलीसीका केही फिचरहरु परिवर्तन गरेर सञ्चालक समितिबाट पास गरेर स्विकृतिको लागि बीमा समितिमा पठाएका छौं । त्यो स्विकृतिको प्रकृयामा रहेको अवस्था छ । तर अहिले भने पुरानै पोलीसी सक्रिय अवस्थामा रहेका छन् ।

**बीमाको बजारमा अन्य कम्पनीहरू विज्ञापन, अभिकर्ता वृद्धि र विविध कार्यक्रमहरू लिएर आक्रामक रूपमा देखिएका छन्, तर संस्थानको उपस्थिति भने निकै कमजोर देखिन्छ । अन्य कम्पनीहरूको तुलनामा संस्थानमा अभिकर्ताको आकर्षण पनि किन कमजोर देखियो ?**

बीमा अभिकर्ताहरुले सबै कम्पनीबाट पाउने कमिसन बराबरी नै हुन्छ । मात्रै इन्टेसिभमा केही फरक पर्छ । इन्टेसिभमा पनि हामीले अरु कम्पनीको तुलनामा त्यस्तो कमजोर गरेका छैनौ । पछिल्लो समयमा अभिकर्ताहरुको आकर्षण पनि बढ्दै गएको छ । जसको कारणले अभिकर्ताहरुको संख्यात्मक वृद्धि हुँदै गएको छ । म नेतृत्वमा आएपछि इन्टेन्सिभ प्याकेजमा पनि परिवर्तन भएको छ । पहिले केन्द्रबाट मात्रै इन्टेसिभको मुल्यांकन हुने परिपाटी थियो भने अहिले प्रदेशस्तरबाट पनि थप मुल्यांकन गर्ने गरिन्छ । साथै बिजनेसको परिणाम अनुसार प्रतिशतले इन्सेन्टिभ प्राप्त गर्ने प्राणाली समेत हामीले विकास गरेका छौं । साथै टार्गेट दिएर टार्गेट मिट गर्नेहरुलाई एक्स्ट्रा इन्सेन्टिभ दिने गरेका छौं । अभिकर्ताको एक लेयर तलको पनि इन्सेन्टिभ जाने कुराको व्यवस्था समेत हामीले सुरुवात गरेका छौं । त्यसैले विगतमा विविध कमजोरीका कारणले संस्थानमा अभिकर्ताको आकर्षणमा कमि भएतापनि अबका दिनमा आकर्षण बढ्दै गएको छ ।

**संस्थानको नेतृत्वमा तपाईं आएपछि सम्पन्न गरिएका र सुरूवात गरिएका उल्लेखनीय कामहरूलाई कसरी बताउनुहुन्छ ?**

म आउनुभन्दा अगाडि ८ वटा शाखाको स्वीकृत भएको थियो तर कारोवार भने एउटाबाट मात्रै भएको थियो । अहिले २२ वटा शाखाबाट कारोवार हुन्छ । जबकी अगाडि केन्द्रीय कार्यालय र बिराटनगर शाखा कार्यालयबाट मात्रै कारोवार हुने गर्दथ्यो ।

अहिले हामीले पुरानो सफ्टवेयरलाई विस्थापित गरेर नयाँ सफ्टवेयर लागु गरेका छौं । अहिले सबै शाखाहरुबाट पोलीसीसमेत जारी हुने अवस्था रहेको छ । यही साउन १ गतेदेखि हामीले सबै पुराना डाटाहरुलाई समेत नयाँ सफ्टवेयरमा माइग्रेसन गरेका छौं ।

अहिले ग्राहकहरुलाई सुविधा दिने हिसाबले मोबाइल एसएमएस अलर्टको सुविधा ल्याएका छौं । संस्थानमार्फत बीमा गरेका बिमितहरुले डिजिटल माध्यमबाट नै प्रिमियम बुझाउन सक्ने व्यवस्थाको सुरुवात भएको छ । सुरुमा हामीले कनेक्ट आइपिएस र इसेवामार्फत सो सुविधालाई अगाडि बढाएका छौं । विस्तारै अरु सम्भाव्य सेवाहरुमार्फत पनि यो सुविधालाई विस्तार गर्ने योजनामा संस्थान अगाडि बढेको छ । जसले गर्दा विमितहरु प्रिमियम भुक्तानीको लागि कार्यालय नै आइरहनुपर्ने अवस्था रहेको छैन् । दाबी भुक्तानीको सन्दर्भमा डकुमेन्ट पुरा भएर आएको अवस्थामा आधि देखि १ घण्टाभित्र दिएर पठाउन सक्छौं । वेभसाइटलाई व्यवस्थित गर्ने काम भएको छ । राष्ट्रसेवकहरुको विजनेस ल्याउने कुरामा ठुलो प्रगति भएको छ । यसले मात्रै बिजनेसको झण्डै ५० प्रतिशत भाग ओगटेको छ ।

**संस्थानलाई आगामी दिनमा थप व्यवसायिक तथा सफल बनाउन के कस्ता कार्यक्रमहरूलाई अगाडि बढाउँदै हुनुहुन्छ ?**

बीमा क्षेत्रको विकासको लागि अभिकर्ताकै संख्यालाई बढाउने काम मुख्य हुन्छ । यसलाई हामीले टार्गेट बेसमा सुरु गरेका छौं । यो वर्ष हामीले शाखा कार्यालयलाई पनि थप विस्तार गरेर २८ वटा पुऱ्याउने लक्ष्य राखेका छौं । बजारले मागे अनुसार यो वर्ष केही नयाँ प्रोडक्ट ल्याउने तयारी पनि गरेका छौं । अरु कम्पनीहरुको तुलनामा बालबालिकाको क्षेत्रमा हामीसँग अलिक कन्जरभेटिभ टाइपको मात्रै पोलीसी रहेको अवस्था छ । यसलाई हामीले सुधार गर्ने योजनामा छौं । व्याक्तिगत र सामुहिक म्यादी जीवन बीमा पनि हामीले सुरु गरेका छौं । एउटा मुख्य कामको रुपमा बाँकी रहेको लेखापरिक्षणको कामलाई सक्ने हिसाबले लागेका छौं । जसले गर्दा संस्थालाई नयाँ सन्दर्भमा स्वच्छ रुपमा अगाडि बढ्न सहयोग गर्नेछ ।

# शेयर बजार : वर्षकै न्यून बिन्दुमा नेप्से, किन्ने अवसर कि वियररिस ट्रेण्ड ?

**नवीन पौडेल/रासस**
काठमाडौं, २५ मंसिर

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकले गत भदौ ३ गते तीन हजार दुई सयभन्दा माथि पुगेर हालसम्मकै उच्च बिन्दु बनाएको थियो । त्यसको अघिल्लो दिन बजार तीन हजार १९९ दशमलव शून्य तीन बिन्दुमा पुगेर कारोबार बन्द भएको थियो । त्यसयता शेयर बजार निरन्तर घट्दो क्रममा छ । नेप्से घट्दै बिहीबार दुई हजार ४४९ दशमलव ९७ बिन्दुमा कारोबार बन्द भएको छ ।

नेपाल स्टक एक्सचेञ्जको तथ्याङ्क अनुसार कारोबार मापक नेप्सेका साथै कारोबार रकम पनि निरन्तर ओरालो लागेको देखिन्छ । चालू आवको पहिलो कारोबार दिन साउन ३ गते दुई हजार ९ सय ८० दशमलव ६१ बिन्दुमा बन्द भएको कारोबार भदौ पहिलो साता उच्च बिन्दु छोएर निरन्तर घटिरहेको छ ।



उच्च बिन्दुबाट बजार २३ प्रतिशतभन्दा बढीले घट्दा लगानीकर्ताको रु १० खर्ब बढीको सम्पत्ति गुमेको छ । नेप्से परिसूचक उच्चतम हुँदा रु ४४ खर्ब ६८ अर्बको बजार पुँजीकरण बिहीबारको कारोबार पछि रु ३४ खर्ब ४४ अर्बमा खुम्चिएको छ । परिसूचक घटेसँगै कारोबार रकममा समेत गिरावट आएको देखिन्छ । गत साउन ३१ गते दैनिक कारोबार रकम रु २१ अर्ब भन्दा बढी भएकामा बिहीबार रु दुई अर्ब ६७ करोडमा सिमित हुन पुगेको छ ।

शेयर बजारमा नेप्सेका साथै कारोबार घट्दा लगानीकर्तामा निरासा छाएको छ । अझ नयाँ लगानिकर्ता अन्योलमा रहेको देखिन्छ । साना लगानीकर्ता बजारमा त्यति खुल्ल सकेका छैनन् । बजार निरन्तर घट्न थालेपछि लगानी नै डुब्ने चिन्तामा उनीहरु रहेको देखिन्छ । नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)को प्राथमिक शेयरबाट आइपिओ भर्न सुरु गरेका भक्तपुरका माधव ढकाल साथीको सहयोगमा दोस्रो बजारमा छिरेका थिए । 'सुरुमा राम्रै कमाइ भयो, कमाइ देखेर सापटी मागेर अरु रकम यसमा लगाएँ अहिले घाटामा छु, बेच्न नि घाटा छ, सस्तोमा किन्न पैसा छैन', उनि भन्छन् ।

त्यस्तै शेयर बजारका बादशाह भनेर चिनिने लगानिकर्ता निर्मल प्रधान बजार घटबढ हुनु स्वभाविक भएको र बुझेर लगानी गर्न सुझाव दिन्छन् । आम लगानीकर्ता बजार घट्दा आत्तिने र बढ्दा मात्तिने गर्छन् जुन सही होइन, बजार केही समय घट्छ र पछि बढ्छ पनि त्यसैले धैर्यता आवश्यक हुने बताउँदै सरकार र नियामक निकाय पनि शेयर बजारको दिगो विकास तथा विस्तारमा संवेदनशील हुन जरुरी रहेको धारणा राख्छन् ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**